स्वदेशी उत्पादन, यद्योग
र व्यवसायलाई प्रबर्द्धन गरौं,

- स्वादेशी उत्पादनको प्रयोगमा जोड दिऔं,
- स्वादेशी उद्योग व्यवसायलाई प्रोत्साहन र प्रबर्द्धन गरौं,
- रोजगारीको श्रृजना हुनेखालका उद्योग व्यवसाय खोलौं,
- युवा जनशक्तिलाई विदेशिनबाट रोकौं,
- बिलासिताका वस्तुको प्रयोगमा कमी गरौं,
- फजुल खर्च नगरौं,
- देशको अर्थतन्त्रमा योगदान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



# प्रभाव दैनिक
National Daily

वर्ष ८ अंक ३५२ काठमाडौं बुधबार, ७ वैशाख २०७९ Prabhab National Daily, Wednesday, April 20 , 2022 URLwww.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


सन्दर्भ : वैदेशिक रोजगार

## लोकतान्त्रिक एसोसियसनको साधारणसभा आज

### अध्यक्षमा अर्याल र शर्माको दाबी

■ प्रभाव संवाददाता

काठमाडौं- सत्तारुढ दल नेपाली कांग्रेसनिकट वैदेशिक रोजगार व्यवसायीहरूको संस्था नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसियसनको साधारणसभा आज हुँदै छ । दुई वर्षको लागि नयाँ कार्यसमिति चयनसमेत गर्ने अधिवेशनको सम्पूर्ण तयारी पूरा भएको एसोसियसनका अध्यक्ष नरेन्द्र ढकालले जानकारी दिएका छन् ।

साधारणसभामा नयाँ नेतृत्व चयनका लागि मतदान हुने अवस्था देखिएको बताइएको छ । अहिलेसम्म अध्यक्ष पदका लागि दुई जना आकांक्षी देखिएका छन् । अध्यक्ष ढकालले पनि चुनाव हुने सम्भावना बढेको बताए । अन्तिम सययसम्म सहमतिको प्रयास गरिने र नभएमा लोकतान्त्रिक पद्धतिबाट नेतृत्व चयन हुने उनको भनाइ छ ।

आगामी कार्यकालका लागि अध्यक्षमा तारानाथ अर्याल र ऋषि शर्मा आकांक्षी रहेको बताइएको छ । उनीहरू प्यानल नै खडा गरेर प्रतिस्पर्धा गर्ने योजनामा लागेको बताइएको छ । महाधिवेशनमा करिब ३५० प्रतिनिधि सहभागी हुने अध्यक्ष ढकालले बताए ।

अघिल्लो साधारणसभामा समेत ३५० वटा म्यानपावर कम्पनीले प्रतिनिधि पठाएका थिए । अहिले पनि सोही हाराहारीमा प्रतिनिधिको नाम प्राप्त भएको एसोसियसनले जानकारी दिएको छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार हाल वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने कम्पनी ८६० वटा रहेका छन् ।

## कतारमा २१ जना कैदीबन्दीले पाए आममाफी

■ प्रभाव संवाददाता

काठमाडौं- कतारको जेलमा रहेका २१ जना नेपाली कैदीबन्दीले आममाफी पाएका छन् । कतारका विभिन्न कारागारमा सजाय भोगिरहेका उनीहले मुस्लिम समुदायको पवित्र महिना रमादानको अवसरमा आममाफी पाएका हुन् ।

कतारको दोहास्थित नेपाली दूतावासका अनुसार कतारका अमिर शेख तमिम बिन हमाद अलथानीले इस्लाम धर्मावलम्बीको पवित्र महिना रमादानको अवसरमा विभिन्न कसूरमा कतारको बन्दीगृहमा जीवन बिताइरहेका २१ जना नेपालीलाई माफी दिएका हुन् ।

दूतावासका अनुसार माफी पाउनेमा यौनजन्य क्रियाकलापको आरोप खेपिरहेका तीन, चोरीजन्य क्रियाकलापको आरोप लागेका ११, मादकपदार्थ बिक्रीवितरणमा दुई र आर्थिक हिनामिनामा कसूरदार ठहरी सजाय भोगिरहेका पाँच जना नेपाली रहेका छन् ।

# महानगरको भागबण्डामा सहमति

सत्तारूढ गठबन्धनको बैठकमा भएको सहमतिअनुसार काठमाडौं, ललितपुर र विराटनगरको प्रमुख कांग्रेसले पाउने भएको छ । भरतपुर माओवादी केन्द्र, पोखरा एकीकृत समाजवादी र वीरगञ्ज जनता समाजवादीको भागमा परेको छ ।



■ प्रभाव संवाददाता

काठमाडौं- लामो रस्साकस्सीपछि सत्तारुढ गठबन्धनले आगामी स्थानीय तह निर्वाचनका लागि महानगरको भागबण्डा टुंग्याएको छ । छ वटा महानगरमध्ये प्रमुख र उपप्रमुख कसले लिने भन्ने विषयमा मुख्य दलहरूबीच सहमति जुट्न नसक्दा गठबन्धन नै संकटमा पर्ने आशंका गरिएको थियो । तर, उक्त आशंकालाई चिर्दै मंगलबारको बैठकले महानगरको भागबण्डा टुंग्याएको गठबन्धनका एक नेताले बताए । यद्यपि, यसबारे औपचारिक निर्णय भने सार्वजनिक गरिएको छैन ।

नेपाली कांग्रेसका नेता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री ज्ञानेन्द्रबहादुर कार्कीले महानगरको प्रमुख र उपप्रमुखबारे गठबन्धनका दलहरू सहमतिनजिक पुगेको बताए । 'लगभग सहमति भइसकेको छ, लिखित निर्णय भने हुन बाँकी छ,' बैठकपछि उनले भने ।

गठबन्धनभित्र छ वटा महानगरमध्ये पाँचवटामा सोमबार नै सहमति जुटिसकेको थियो । कांग्रेसले पोखरा महानगरपालिका नेकपा एकीकृत समाजवादीलाई नछाड्ने अडान राखेपछि गठबन्धन रोकिएको थियो । तर, मंगलबारको बैठकमा पोखरा एकीकृत समाजवादीलाई दिन कांग्रेस तयार भएको बैठकमा सहभागी एक नेताले बताए ।

पोखरा महानगरकै विषयमा छलफल गर्न कांग्रेस सभापतिसमेत रहेका प्रधानमन्त्री शेरबहादुर देउवाले मंगलबार कास्की र गण्डकी प्रदेशका सभापतिसहितका नेताहरूलाई काठमाडौं बोलाएका थिए । त्यसपछि एकीकृत समाजवादीलाई छाड्न कांग्रेस तयार भएको हो । पोखराका स्थानीय कांग्रेस नेता कार्यकर्ताले कुनै पनि (**बाँकी पृष्ठ ३ मा**)

## एकीकृत समाजवादीको घोषणापत्र सार्वजनिक

काठमाडौं (प्रस)- नेकपा एकीकृत समाजवादीले आसन्न स्थानीय तहको निर्वाचनका लागि घोषणापत्र सार्वजनिक गरेको छ । मंगलबार एक समारोहबीच अध्यक्ष माधवकुमार नेपालले घोषणापत्र सार्वजनिक गरेका हुन् ।

घोषणापत्रमा पार्टीका उम्मेदवारले नेतृत्व गरेका स्थानमा स्थानीय सरकारमार्फत प्रत्येक घरपरिवारलाई २०० युनिटसम्म बिजुली निःशुल्क दिने उनले घोषणा गरे । यसका लागि संघीय र प्रदेश तहका सरकारसँग आवश्यक समन्वय गरिने घोषणापत्रमा उल्लेख छ । विद्युत् सेवा नपुगेका हरेक घरमा आधारभूत विद्युत् सेवा पुर्‍याइने भन्दै अध्यक्ष नेपालले स्थानीय सरकारको बजेटमा पहिलो प्राथमिकतामा स्वास्थ्य, शिक्षाका साथै खानेपानी निःशुल्क गर्ने योजना रहेको बताए ।

घोषणापत्रमा नेपाल नेतृत्वको सरकारले गरेका काम, २०५१ मा एमालेको नौ महिने सरकारले गरेका 'आफ्नो गाउँ आफैं बनाऔं' लगायतका कार्यक्रमको चर्चा गरिएको छ । स्थानीय सरकारका काममध्ये निःशुल्करूपमा आमजनतालाई स्वास्थ्योपचार उपलब्ध गराउने कुरालाई प्रमुख प्राथमिकता दिइने उल्लेख छ ।

'हावापछि पानी नै जीवन हो भन्ने तथ्यलाई मनन गरी स्वच्छ खानेपानीको सुविधा पुगेका पालिकाका हरेक घरपरिवारलाई मासिक पाँच हजार लिटर पानी निःशुल्करूपमा उपलब्ध गराइने छ । खानेपानी नपुगेका स्थानमा पिउने पानी अनिवार्यरूपमा पुर्‍याइने छ,' घोषणापत्रमा उल्लेख छ ।

एमालेबाट विद्रोह गरेर नयाँ पार्टी गठनका कारणलाई प्रस्ट पारिएको घोषणापत्रमा देशको आन्तरिक उत्पादनविना आत्मनिर्भर तथा दिगो अर्थतन्त्रको विकास सम्भव नभएको उल्लेख गरेको छ ।

सर्वोच्चको अन्तरिम आदेश

## 'गभर्नरविरुद्धको निर्णय तत्काल कार्यान्वयन नगर्नू'

■ प्रभाव संवाददाता

काठमाडौं- सर्वोच्च अदालतले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ । न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले मंगलबार गभर्नर अधिकारीमाथि छानबिन गर्ने सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो ।

सर्वोच्चले गभर्नर अधिकारीलाई आफ्नो पदीय जिम्मेवारीमा काम गर्न दिनसमेत आदेश दिएको छ । 'नेपालको संविधानको धारा १३२ (२) तथा धारा ३०४ (१) को प्रतिबन्धात्मक वाक्यांश तथा नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा २३ (१) (क) को विद्यमानताको अवस्थामा जाँचबुझ समिति गठन भएकोसमेत देखिँदा नेपालको सरकारको २०७८/१२/२४ को निर्णय तथा अर्थ मन्त्रालयको मिति २०७८/१२/२५ निवेदकको नाममा जारी गरिएको पत्रचार तत्काल कार्यान्वयन नगर्नू, नगराउनू र निवेदकलाई आफ्नो पदीय जिम्मेवारी पूरा गर्न दिनू,' आदेशमा भनिएको छ । सर्वोच्चले यही १३ वैशाखमा छलफलका लागि दुवै पक्षलाई बोलाएको छ ।

गत २४ चैतमा बसेको मन्त्रिपरिषद् बैठकले गभर्नर अधिकारीमाथि छानबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश पुरुषोत्तम भण्डारीको अध्यक्षतामा जाँचबुझ समिति गठन गरेको थियो । समिति गठन भएसँगै उनी स्वतः निलम्बनमा परेका थिए । सरकारले राष्ट्र बैंकको गोप्य सूचना चुहाएको, सरकारलाई असहयोग गरेकोलगायत आरोप लगाउँदै अधिकारीमाथि छानबिन गर्न समिति बनाउने निर्णय गरेको थियो । सरकारको उक्त निर्णयविरुद्ध गभर्नर अधिकारी ४ वैशाखमा सर्वोच्च पुगेका थिए । उनले अन्तरिम आदेशमार्फत जाँचबुझ समितिको कामकाजमा रोक लगाउन र आफूलाई नियमित काममा फर्काउन माग गर्दै सर्वोच्चमा रिट दर्ता गरेका थिए । अधिकारीले विनाजानकारी र विना स्पष्टीकरण आफूमाथि छानबिन गर्ने भनेर समिति गठन गरिएको रिटमा उल्लेख गरेका थिए । उक्त रिटमाथिको प्रारम्भिक सुनुवाइपछि सर्वोच्चले अधिकारीको मागअनुसार नै अन्तरिम आदेश दिएको हो ।




■ न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासबाट गभर्नर अधिकारीमाथि छानबिन गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश

■ सम्मानित अदालतले मलाई काम गर्न आदेश दिएको छ, बुधबारबाटै राष्ट्र बैंकमा गएर काम सुरु गर्छु : *अधिकारी*

अधिकारीले दर्ता गरेको रिटमा अर्थमन्त्री जनार्दन शर्माले पूर्वाग्रहपूर्ण तरिकाले आफूलाई हटाउन जाँचबुझ समिति गठन गरेको उल्लेख गरेका छन् । साथै, समितिको नेतृत्व आफ्नै नातेदारलाई दिएको र समिति सदस्यहरूमा पनि अर्थमन्त्री शर्मा आबद्ध नेकपा माओवादी केन्द्रका कार्यकर्तालाई राखेको तथा अछामका पृथ्वीबहादुर शाहले भित्र्याएको शंकास्पद रकम फुकुवा गर्न अर्थमन्त्री शर्माले आफूलाई दबाब दिएकोसमेत रिटमा खुलाएका छन् ।

सर्वोच्चको अन्तरिम आदेशपछि गभर्नर अधिकारीले अदालतले राष्ट्र बैंकको स्वायत्तता जोगाएको प्रतिक्रिया दिएका छन् । उनले अदालतको आदेशबाट आफूले न्याय पाएको बताउँदै बुधबार (आज) बाटै काममा फर्कने जानकारी दिए । 'सम्मानित अदालतले मलाई काम गर्न आदेश दिएको छ, बुधबारबाटै राष्ट्र बैंकमा गएर काम सुरु गर्छु' मंगलबार उनले भने ।

गभर्नर अधिकारीको निलम्बनको विषयमा सरकारको चर्को आलोचना भएको थियो । अर्थमन्त्री शर्माले व्यक्तिगत टकरावका आधारमा गभर्नरलाई निलम्बन गरेको भन्दै टिप्पणी भएको थियो । साथै, मुलुकको अर्थतन्त्र सुधारमा काम गर्न नसकेपछि अर्थमन्त्रीले आफ्नो कमजोरी ढाकछोप गर्न गभर्नरलाई निलम्बन गरेको आरोपसमेत लगाइएको छ । तर अर्थमन्त्री शर्माले भने आफ्नो कदमको बचाउ गर्दै आएका छन् ।

## पुनः उम्मेदवार बन्न राजीनामा दिनुपर्ने

■ प्रभाव संवाददाता

काठमाडौं- स्थानीयमा बहाल रहेका जनप्रतिनिधिले पुनः उम्मेदवार बन्न राजीनामा दिनुपर्ने भएको छ । सर्वोच्च अदालतले यही ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनमा निर्वाचन आयोगले तोकेको आचारसंहिता पूर्णरूपमा कार्यान्वयन गर्न आदेश दिएसँगै बहालवाला जनप्रतिनिधिले राजीनामा नदिई पुनः उम्मेदवारी दिन नपाउने भएको हो ।

न्यायाधीशद्वय तेजबहादुर केसी र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले मंगलबार उक्त विवादमा परेको रिट निवेदन खारेज हुने फैसला सुनाएको हो । उक्त फैसलापछि आयोगको आचारसंहिता पूर्णरूपमा कार्यान्वयन हुने भएको हो ।

अदालतको आदेशसँगै स्थानीय तहमा हाल कायम रहेका जनप्रतिनिधिले ३० वैशाखमा हुने स्थानीय तहको निर्वाचनमा पुनः उम्मेदवारी दिन पदबाट राजीनामा दिनुपर्ने छ । आयोगले स्थानीय तह निर्वाचन २०७९ का लागि जारी गरेको निर्वाचन आचारसंहिताको दफा ३६ मा जनप्रतिनिधिले स्थानीय निर्वाचनको उम्मेदवारको मनोनयन दर्ता गर्नुअगावै पदबाट राजीनामा गर्नुपर्ने व्यवस्था गरेको थियो ।

आयोगको आचारसंहिताको व्यवस्थाविरुद्ध सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकाका अध्यक्ष निमा ग्याल्जेन शेर्पाले गत चैत ७ गते सर्वोच्च अदालतमा रिट दायर गरेका थिए । यसअघि न्यायाधीश बमकुमार श्रेष्ठको एकल इजलासले अन्तरकालीन अन्तरिम आदेश जारी गर्दै आयोगको आचारसंहिता तत्काल कार्यान्वयन नगर्न भनेको थियो ।





हामी पन्ध्र वर्ष पूरा गरी सोह्रौं वर्षमा प्रवेश गरेका छौं ।

यस सुखद अवसरमा समस्त आदरणीय ग्राहकवर्गहरु, शेयरधनीहरु, नियामक निकायहरु, कर्मचारीहरु तथा शुभचिन्तकहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनहरुमा अझै उच्चस्तरीय सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

| | |
|---|---|
| चुक्ता पूँजी | रु. १४ अर्ब २० करोड |
| कर्जा | रु. १ खर्ब ३६ अर्ब ७२ करोड |
| निक्षेप | रु. १ खर्ब ४६ अर्ब ६१ करोड |
| खुद नाफा (तेस्रो त्रैमास २०७८/७९) | रु. १ अर्ब ५८ करोड ९६ लाख |
| शाखा | १७४ |
| कर्मचारी | १,७६३ |
| मोबाइल तथा ईन्टरनेट बैकिङ्ग | ६ लाख १३ हजार |
| ग्राहक संख्या निक्षेप | १३ लाख ५५ हजार |
| ग्राहक संख्या कर्जा | ६० हजार ६ सय |
| डिम्याट खाता | १ लाख ५६ हजार |

Citizens Support Center - Email: support@ctznbank.com, Tel: 01-5970068

Citizens Bank
Narayanhiti Path, Kathmandu
TEL:+977 1 4427842/43/24
EMAIL:info@ctznbank.com
SWIFT: CTZNNPKA
#CTZNprogress

प्रमुख निर्वाचन आयुक्त थपलियाले भने-

# सुधार गर्न खोज्दा सहजै पचाउन नसक्ने प्रवृत्ति देखियो

■ प्रभाव संवाददाता



**काठमाडौं–** प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले परिवर्तन सहजै पचाउन नसक्ने प्रवृत्तिका कारण निर्वाचन सुधारका काम प्रभावकारी बनाउन अप्ठचारो भएको बताएका छन् । आसन्न स्थानीय तह निर्वाचनको सन्दर्भमा प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासंघको सहयोगमा आयोगले मंगलबार आयोजना गरेको कार्यक्रममा उनले उक्त कुरा बताएका हुन् ।

उनले स्वच्छ, मर्यादित र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गर्ने वातावरण बनाउन सुधारका पहल लिइएको र उक्त सुधारका प्रयत्नलाई शंकाको दृष्टिले हेर्ने प्रवृत्ति देखिएको बताए । निर्वाचनप्रतिको निष्ठालाई कमजोर पार्ने र निर्वाचनका विविध गतिविधिलाई दूषित पार्ने प्रवृत्ति लोकतान्त्रिक हुनै नसक्ने उनको भनाइ थियो ।

‘कुनै परिवर्तन गर्न खोज्यो भने त्यसलाई सहजै पचाउने, कुनै नयाँ कार्यका थालनी गरियो भने त्यसलाई आफ्नो स्वार्थको सेरोफेरोबाट बुझ्न खोज्ने प्रवृत्तिका कारण निर्वाचन सुधारका कामलाई प्रभावकारी ढंगले बढाउनका लागि कहीँकतै असहज र अप्ठचारो भएको महसुस भएको छ,’ प्रमुख निर्वाचन आयुक्त थपलियाले भने । उनले आयोगले मनोगत आधारमा भन्दा पनि सरोकारवालासँगको छलफलका आधारमा सुधारका विषयलाई कार्यान्वयनमा ल्याइएको प्रस्ट पारे ।

‘हामीले स्थानीय तहको निर्वाचन एकै दिन एकै चरणमा गर्ने निर्णय गऱ्यौं, २०४८ सालपछिका निर्वाचन एकै चरणमा एकै दिन सम्पन्न भएका छैनन्,’ उनले भने, ‘यसले निर्वाचनको स्वच्छता, स्वतन्त्रता, निष्पक्षतामा राम्रो नतिजा दिन सक्छ ।’ राष्ट्रिय मान्यता प्राप्तबाहेकका अन्य दललाई ती दलको निर्वाचन चिह्नबाट निर्वाचनमा भाग लिन दिने प्रस्ट कानुनी आधार नभए पनि आयोगले ती दललाई पनि निर्वाचनमा सहभागी हुन दिनुपर्छ भनेर जोखिम उठाएको उनले बताए । ‘यो हामी (आयोगको टिम)ले गरेको नयाँ निर्णय थियो,’ उनले भने । प्रमुख निर्वाचन आयुक्त थपलियाले संविधानको धारा ३८ (४) मा उल्लेख गरिएको महिला सहभागिता र धारा ४२ मा उल्लेखित सामाजिक न्यायको व्यवस्था निर्वाचनको समयमा क्रियाशील हुन सक्यो भने निर्वाचनमा महिला प्रतिनिधित्व सहभागिता र समावेशिताको दृष्टिले उपयुक्त हुन्छ भनेर राजनीतिक दललाई निर्देशन दिने काम गरिएको बताए । उनले निर्वाचन महँगो, खर्चिलो र भड्किलो हुँदै गएको, यसबाट सिद्धान्त र विचारभन्दा पनि सम्पत्ति र स्रोत साधनले निर्वाचन प्रभावित हुने खतरा बढ्यो भनेर व्यक्त चिन्तालाई सम्बोधन गर्न निर्वाचनमा हुने सबै खर्चलाई सीमाभित्र आबद्ध गरौँ भनेर निर्वाचन खर्चको सीमा तोकिएको प्रस्ट पारे । निर्वाचन आचारसंहिता प्रभावकारीरूपमा कार्यान्वयन होस् भनेर सबै पक्षसँगको सुझावका आधारमा आचारसंहिता जारी गरिएको बताउँदै उनले सबै पक्षको सहभागितामा आचारसंहिताको अनुगमन गरिने जानकारी दिए ।

आमसञ्चारमाध्यमको खबरदारी र सञ्चारकर्मीको निष्ठाका कारण मुलुक स्थानीय तह निर्वाचनको प्रक्रियामा प्रवेश गरेको उल्लेख गर्दै उनले पत्रकार आचारसंहिता र निर्वाचन अचारसंहिताको पूर्णपालना गर्न सञ्चारमाध्यमसँग आग्रह गरे । ‘सञ्चारमाध्यमले व्यावसायिकता, विश्वसनीयता, निर्भिकता र नागरिक दायित्व पूरा गर्न अग्रसर हुनुपर्छ,’ उनले भने । प्रमुख निर्वाचन आयुक्त थपलियाले मौन अवधिमा मतदातालाई प्रभावित पार्ने गतिविधि नहोस् भनेर मौन अवधिमा देशभर मादक पदार्थको बिक्री वितरण र सेवनमा रोक लगाउने प्रस्ताव गरिएको जानकारी दिए ।

प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले पत्रकार आचारसंहिता र निर्वाचन अचारसंहिताको पूर्णपालना गर्न सञ्चारकर्मीहरूलाई आग्रह गरे । ‘आचारसंहिताको बन्धनभित्र बस्ने सबैको दायित्व हो, तोकिएको समयमा भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गराउन सञ्चारमाध्यमले भूमिका खेल्नुपर्छ,’ उनले भने, ‘पत्रकार आचारसंहिता र निर्वाचन आचारसंहिता उल्लंघन भएमा निर्वाचन सम्पन्न गर्न सहयोग पुग्दैनन्, सबैले आचारसंहिताको दायराभित्र बसौं, आफूमाथि प्रश्न उठ्ने अवस्थाको अन्त्य गरौं, तब मात्र अरूसँग प्रश्न उठाउन सकिन्छ ।’

उनले चुनावका बेला गलत समाचारबाट बच्नुपर्ने बताए । ‘यस्तो बेलामा ‘फेक न्युज’को कारखाना नै चल्न सक्ने खतरा रहन्छ, त्यसैले हरेक समाचार छाप्नुअघि सचेत रहनुपर्छ र हरेक सञ्चारगृहले आफ्ना सञ्चारकर्मीलाई यस विषयमा सचेत रहन भन्नुपर्छ,’ उनले भने ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले मतदानस्थलसम्म मतदातालाई लैजाने र भयमुक्त वातावरणमा निर्वाचन सम्पन्न गराउन सञ्चारमाध्यमले भूमिका खेल्नुपर्ने बताए । स्वतन्त्र, निष्पक्ष रूपमा निर्वाचन सम्पन्न गराउनु सञ्चारमाध्यमको पनि कर्तव्य भएको उल्लेख गर्दै उनले समाचार सम्प्रेषणका क्रममा पत्रकार आचारसंहिता र निर्वाचन अचारसंहिताको पालना गर्न आग्रह गरे ।

आयोगले चुनावका क्रममा मिडियाको आचारसंहिताबारे अनुगमनको जिम्मेवारी काउन्सिललाई दिएको छ । काउन्सिलले यही वैशाख १ गतेदेखि रेडियो, टिभी, छापा, अनलाइन र सामाजिक सञ्जालको अनुगमन सुरु गरिसकेको बताउँदै आचारसंहिता उल्लंघन गरेको पाइए तत्काल कारबाही गरिने जानकारी दिएको छ ।

# ‘मेलम्चीको पानी वितरणको तयारी गर्नू’

■ प्रभाव संवाददाता

**काठमाडौं–** खानेपानीमन्त्री उमाकान्त चौधरीले यही ११ वैशाखदेखि काठमाडौं उपत्यकावासीका धारामा मेलम्चीको पानी वितरण गर्न निर्देशन दिएका छन् । पानी प्रशोधनलगायत तयारीका काम गर्न मेलम्ची आयोजनासहित सरोकारवाला निकायलाई उनले निर्देशन दिएका हुन् ।

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिकास्थित मेलम्चीको मुहानबाट गत ३० चैतका दिन सुरुङमा हालिएको पानी सोमबार राति सुन्दरीजलमा आइपुगेपछि मंगलबार प्रशोधन केन्द्रमै गएर मन्त्री चौधरीले सरोकारवाला निकायका अधिकारीहरूलाई समयमै पानी उपलब्ध गराउन निर्देशन दिएका हुन् । ‘वैशाखमा कुनै हालतमा पानी आउँदैन भन्थे, गत वर्ष असार १ गतेको बाढीले मेलम्चीको मुहानमा ठूला ठूला ढुंगा आएको थियो । नेपाली सेनाको समेत सहयोग लिएर अवरोध पन्छाई चैतमै पानी काठमाडौंतर्फ पथान्तरण गरियो,’ मन्त्री चौधरीले भने, ‘घरघरमा धारामा पानी झरेपछि मात्र पथान्तरणको अर्थ हुन्छ, यसैले वैशाख ११ गते धारामा पानी वितरण गर्ने गरी प्रशोधनलगायत वितरण प्रणालीका काम गर्नूस् ।’

संविधानमा स्वच्छ खानेपानी र सफाइको हक उल्लेख गरिएकाले पनि पानीबाट कसैलाई वञ्चित नगर्न मन्त्री चौधरीले निर्देशन दिए । काठमाडौं उपत्यकाका १० वटै पानीपोखरीबाट समानुपातिक रूपमा पानी वितरण गर्न उनले आग्रह गरे । मेलम्चीवासीलाई लेबीस्वरूप पाँच प्रतिशत रकम दिने सहमति भएकाले काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल)लाई महसुल उठाउन मन्त्रालयले निर्देश गरेको छ ।

मन्त्रालयका सचिव सुरेश आचार्यले खानेपानी चुहावट भएका स्थानमा सडक विभागसँग समन्वय गरेर मर्मतसम्भार गरी सडक पुनःनिर्माण गरिने बताए । काठमाडौं उपत्यकामा हाल तीन लाख ३७ हजार धारा रहेकामा मेलम्चीको पानी वितरणका लागि थप एक लाख ६० हजार धारा निर्माण गरिसकिएको उनले जानकारी दिए । मेलम्चीको पानी नयाँ र पुरानो दुवै धाराबाट वितरण गरिने बताइएको छ ।

मुहानबाट २६० लिटर प्रतिसेकेण्डका दरले सुरुङमा हालिएको पानी सोमबार राति पौने १० बजे सुन्दरीजल आइपुगेको थियो ।

सुरुङ पूरा भरिन दुई दिन लाग्नेछ । भरिएपछि प्रशोधन केन्द्रमा ल्याएर प्रशोधन गरी मेलम्चीको पानी वितरण गर्ने गरी तयारी गरिएको छ । यसअघि राजधानी आइपुगेको पानी गत वर्ष असार १ गतेको बाढीका कारण मुहान क्षेत्रका संरचना भत्किएपछि अवरुद्ध भएको थियो ।

मेलम्ची आयोजनाले अहिले अस्थायीरूपमा पानी ल्याउन लागेको हो । वर्षा लागेसँगै फेरि पानी बन्द गरिने छ । वर्षा कम भएपछि फेरि पानी ल्याउने तयारी गरिएको बताइएको छ ।

# नौ महिनामा १५० मानवीय डिएनए परीक्षण

**काठमाडौं–** राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा चालु आवमा १५० मानवीय डिएनए र झण्डै १०० जनावरको डिएनए परीक्षण भएको छ । साउनदेखि यता ४५ मुद्दाका १५० नमूना परीक्षण गरिएको र जनावरको ८५ मुद्दाका १०० नमूना परीक्षण भएको हो । खासगरी अदालतबाट आएका मुद्दामा मानिसको डिएनए परीक्षण हुने गरेको राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समितिका डिएनए युनिटका प्रमुख निराजन थापा क्षेत्रीले बताए ।

उनका अनुसार कतिपय व्यक्तिगतरूपमा पनि डिएनए परीक्षण गर्न आए पनि नगरिएको उनले बताए । उनले भने, ‘व्यक्तिगतरूपमा गर्दा सामाजिकरूपमा समस्या आउनसक्ने देखिएकाले समितिले केही वर्ष पहिले निर्णय गरेर अहिले स्थगित गरिएको हो ।’

नेपाल प्रहरीले केही वर्ष पहिलेबाट आफ्नै प्रयोगशालामा डिएनए परीक्षण गर्दै आएको छ । प्रहरीले अनुसन्धानको क्रममा परीक्षण गर्छ भने अदालतमा पुगिसकेको मुद्दामा आवश्यक हुँदा समितिले परीक्षण गर्ने डिएनए युनिटका प्रमुख क्षेत्रीले बताए । अदालत, नेपाल प्रहरी, ब्रिटिस गोर्खासम्बन्धी तथ्यांक राख्ने कार्यालय, अध्यागमन कार्यालयबाट नमूना आउने गरेको छ ।

खासगरी अंश मुद्दामा वा नाता कायम गर्ने नातामा डिएनए परीक्षण हुँदै आएको छ । मुद्दा जिल्ला, पुनरावेदन वा सर्वोच्च अदालतमा पुग्दा पनि परीक्षणका लागि आउने गरेको डिएनए युनिटका प्रमुख क्षेत्रीले बताए । उनले भने, ‘कहिलेकाहीँ जिल्लामा नै मुद्दा हुँदा परीक्षण हुन्छ भने कहिले पुनरावेदनका लागि माथिल्लो अदालतमा पुग्दा पनि आउने गरेको छ ।’

डिएनए परीक्षणका लागि गत आवमा १२८ मुद्दाका २४० नमूना प्राप्त भएकामा समितिले राय दिइसकेको छ । जैविक नाता कायमसम्वनधी २३ मुद्दाका ६५ नमूना थियो । जनावरको प्रजाति पहिचानसम्वनधी ९६ मुद्दामा १५३ नमूना परीक्षण गरिएको थियो । ६२ मुद्दाका १०२ नमूना वन्यजन्तुको मासु, हाड, दाँत, छाला, रौं, पित्त, सिङ, खाग, कस्तुरी, बीना, रगत शंका गरेर परीक्षणका लागि ल्याइएको थियो । यी नमूना डिभिजन वन कार्यालय, प्रहरी कार्यालय, राजस्व अनुसन्धान विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, विभिन्न संरक्षण क्षेत्र, वन्यजन्तु आरक्ष, नगरपालिकाको कार्यालय, भेटेरिनरी अस्पताल र पशु सेवा कार्यालयबाट प्राप्त भएको थियो । प्रयोगशालाले जैविक नाता कायमसम्बन्धी एसटिआर एनालाइसिस र प्रजाति पहिचान डिएनए सिक्विन्सिङ प्रविधिमार्फत गरिँदै आएको छ । जनावर र मानिसको आठ वटासम्म नमूना एउटै प्रविधिबाट एउटै समयमा हुँदै आएको छ । रासस

## आजको राशिफल



**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरू**
**इन्टरनेसनल एस्टोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१५९२५५२,**
Email: dhruvswamig@gmail.com

२०७९ वैशाख ७ गते बुधबार (तिथिः चतुर्थी, नक्षत्रः ज्येष्ठ, कृष्णपक्ष)

| | |
|---|---|
| **मेष** | स्वास्थ्य राम्रो रहनेछ । |
| **वृष** | अनावश्यक जिम्मा नलिनुहोला । |
| **मिथुन** | शुभ समाचार प्राप्त हुनेछ । |
| **कर्कट** | स्वास्थ्यमा सुधार हुनेछ । |
| **सिंह** | पद र प्रभाव बढ्ने योग छ । |
| **कन्या** | खानपानमा सावधानी अपनाउनुहोला । |
| **तुला** | पारिवारिक सहयोग राम्रो रहनेछ । |
| **वृश्चिक** | जोखिम भएको काममा अगाडि नबढ्नुहोला । |
| **धनु** | नयाँ सम्बन्ध बन्नेछ । |
| **मकर** | कुनै पनि कार्यमा हतार गर्नु हुँदैन । |
| **कुम्भ** | सोचेको काम पूरा हुनेछ । |
| **मीन** | मुद्दा मामिलामा सफलता मिल्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आ'खा बैंक | ४४९३६८४ |
| नेपाल आ'खा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आ'खा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेशनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेशनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगन्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/ शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेशनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिङ्ग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आर्यघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

वैशाख ७ गते, २०७९, २० अप्रिल २०२२

| मुद्रा | इकाई | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १२१।७६ | १२२।३६ |
| युरो | १ को | १३३।२२ | १३३।८८ |
| पाउन्ड स्टर्लिङ | १ को | १५२।०० | १५२।७५ |
| स्विस फ्रैन्क | १ को | १२६।०९ | १२६।७१ |
| अस्ट्रेलियन डलर | १ को | ७७।२५ | ७७।६३ |
| क्यानाडियन डलर | १ को | ८७।२६ | ८७।६९ |
| सिंगापुर डलर | १ को | ८६।१८ | ८६।६० |
| जापानी येन | १० को | ११।२३ | ११।२९ |
| चिनियाँ युआन | १ को | १७।३१ | १७।३९ |
| साउदी अरब रियाल | १ को | ३२।३८ | ३२।५४ |
| कतारी रियाल | १ को | ३३।४४ | ३३।६१ |
| थाई भाट | १ को | ३।७३ | ३।७५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३३।१५ | ३३।३१ |
| मलेसियन रिंगेट | १ को | २८।२५ | २८।३९ |
| दक्षिण कोरियन वन | १०० को | १०।०६ | १०।११ |
| स्विडिस क्रोनर | १ को | १२।२६ | १२।३२ |
| डेनिस क्रोनर | १ को | १७।८५ | १७।९३ |
| हङकङ डलर | १ को | १५।७१ | १५।७८ |
| कुवेती दिनार | १ को | ३९१।५२ | ३९३।४५ |
| बहराइन दिनार | १ को | ३२१।०२ | ३२२।६० |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।


# ललितपुर महानगरपालिका-१६ वडाबारे पुस्तक सार्वजनिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** ललितपुर महानगरपालिका-१६ वडाको प्रोफाइल तथा चिनारी पुस्तक सार्वजनिक भएको छ ।

वडा १६ का सल्लाहकार डा. गम्भीरलाल राजभण्डारीले एक समारोहकाबीच उक्त दुई प्रकाशन सार्वजनिक गरे । २ बर्षभन्दा बढी समय लगाएर वडाका प्रत्येक घरधुरी पुगी तयार पारिएको वडाको प्रोफाइल सगुन धाख्वाको संयोजकत्वमा तयार पारिएको हो । विनय धाख्वा, साक्षी राजभण्डारी तथा २० जना तथ्यांक संकलनहरूको सहभागितामा तयार पारिएको प्रोफाइलका बारे बोल्दै संयोजक धाख्वाले कोभिड १९ को महामारी लगायत अनेकौं बाधा ब्यवधानकाबीच प्रोफाइल तयार गर्न सकेकोमा खुशी ब्यक्त गरे । उनले वडाका वासिन्दा, घरधुरी, सम्पदा लगायतका महत्वपूर्ण तथ्यांककीय स्थितिबारे पनि प्रकाश पारेका थिए ।

३५ विश्व कला नगरीको रूपमा उल्लेख भएको ललितपुर महानगर तथा यस महानगरभित्रको सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण १६ वडाको चिनारी पुस्तक भने रविन्द्र शाक्यको संयोजकत्वमा तयार पारिएको हो । सुनील महर्जनको सम्पादनमा प्रकाशित २०० पृष्ठको चिनारी पुस्तकमा अमृत बज्राचार्य, विजयज्योति र विकास खड्गीको




फोटो रहेको छ भने क्यू-ग्राफिक्सका भूषण कपालीको डिजाइन रहेको छ ।

पुस्तकमा वडाका जनप्रतिनिधिहरूको परिचय, वडा परिचय, सम्पदा, पाटीपौवा, पर्यटकीय क्षेत्र, अमूर्त सम्पदा, बहा:बही परिचय, पानीको श्रोत, वडा विवरण, वडा गतिविधि तथा कोषहरूबारे उल्लेख गरिएको छ ।

पुस्तक लोकर्पण कार्यक्रममा धन्यवाद ज्ञापन गर्दै वडा अध्यक्ष निर्मलरत्न शाक्यले वडाको प्रगतिकै लागि दिनरात नभनी खट्ने सम्पूर्णप्रति कृतज्ञता ज्ञापन गर्दै वडा प्रोफाइल एवं चिनारी तयार गर्न योगदान गर्ने सबैलाइ धन्यवाद ज्ञापन गरे । कार्यक्रममा ललितपुर महानगरपालिकाका उपप्रमुख गीता सत्यालले वडा एतिहासिक, सांस्कृतिक पहिचानमा वडाका जनप्रतिनिधि तथा वडाका वासिन्दाहरूको समर्पणले नमूना वडाको रूपमा स्थापित गरेको उल्लेख गरिन् ।

# अनुगमन तथा मूल्यांकन एकाइको उद्घाटन



■ प्रभाव संवाददाता

**काठमाडौं–** हालै स्थापना गरिएको अनुगमन तथा मूल्यांकन एकाइको मंगलबार सशस्त्र प्रहरी महानिरीक्षक पुष्पराम के.सी.ले एक समारोहका बीच उद्घाटन गरेका छन् ।

उक्त समारोहमा महानिरीक्षक के.सी.ले केन्द्र देखि तल्लो तह सम्मका ईकाहरूबाट सम्पादित सांगठनिक कामकारवाहीहरूको नियमित रूपमा अनुगमन गरी प्रभावकारी कार्यसम्पादन गर्ने उद्देश्यकासाथ सो एकाइ स्थापना गरिएको उल्लेख गरे ।

अनुगमनको क्रममा देखिएका सुधारका पक्षहरूमा तत्कालै निर्णय लिन तथा संगठनमा भएका नियमित कार्यहरूको समयमै अध्यावधिक गर्न समेत सहयोग पुग्ने बताए ।उनले राज्यले सुम्पिएको जिम्मेवारीलाई कुशलता पूर्वक निर्वाह गर्न प्रहरी कर्मचारीहरूलाई दत्तचित्त भएर लाग्न निर्देशन दिए । सशस्त्र प्रहरी बल, नेपालको सम्पूर्ण एकाइहरूमा कार्यरत कमाण्डर तथा सकल दर्जाले आ-आफ्नो पदीय दायित्व र जिम्मेवारी अनुसार सम्पादन गरेको काम कारवाहीको नियमित अनुगमन तथा मूल्यांकन हुने र सोही मूल्यांकनलाई समेत वार्षिक युनिट निरीक्षणको मुल्यांकन तथा आर्थिक वर्षको अन्तिममा गरिने मुल्यांकनमा जोडिने हुँदा सरुवा बढुवा लगायतका वृत्ति विकासमा कर्मचारी स्वंयले सम्पादन गर्ने काम कारवाही निर्णायक हुने प्रणाली विकासमा आफूले जग बसाउन खोजेको बताए ।

## महानगर..

पृष्ठ १ बाट जारी

हालतमा एकीकृत समाजवादीलाई नछाड्ने भन्दै केन्द्रलाई दबाब दिँदै आएका थिए । यता एकीकृत समाजवादीले पनि गत २०७४ को चुनावमा नेकपा एमालेले जितेको पोखरामा आफ्नो हक लाग्ने भन्दै अडान लिएको थियो । सोही विवादले गठबन्धनको बैठक निष्कर्षविहीन बन्दै आएको थियो ।

पछिल्लो सहमतिअनुसार काठमाडौं, ललितपुर र विराटनगरको प्रमुख कांग्रेसले पाउने भएको छ । वीरगञ्ज महानगरपालिका जनता समाजवादी पार्टीलाई दिने सहमति गठबन्धनमा जुटेको छ । सर्वाधिक चर्चा र चासोमा परेको भरतपुर महानगरपालिका अन्ततः माओवादी केन्द्रले पाएको छ । भरतपुर माओवादीलाई दिन नहुने भन्दै कांग्रेसभित्र तीव्र विवाद भइरहेको छ । भरतपुरका स्थानीय कांग्रेस नेता कार्यकर्ताले यसमा अडान लिँदै आएका थिए । यसैमा असन्तुष्टि जनाउँदै भरतपुरका ५० जना सक्रिय कार्यकर्ताले पार्टी त्यागेको घोषणासमेत गरेका थिए । पार्टीभित्रको चर्को दबाबका बीच कांग्रेस सभापति एवं प्रधानमन्त्री देउवा भरतपुर माओवादी केन्द्रलाई दिन तयार भएका हुन् । मंगलबार देउवाले चितवन सभापतिलाई बोलाएर भरतपुर माओवादीलाई छाड्न निर्देशन दिएका थिए । तर चितवन सभापतिले भने स्थानीय नेता कार्यकर्ताको चाहनाविपरीत निर्णय नलिन आग्रह गरेको बताइएको छ ।

### उपप्रमुखमा पनि सहमति

सत्तारुढ गठबन्धनले छ वटा महानगरको उपप्रमुखको भागबण्डासमेत टुंग्याएको छ । गठबन्धनको मंगलबारको बैठकमा भएको सहमतिअनुसार कांग्रेसले तीनवटा महानगरमा उपप्रमुख पाउने भएको छ । कांग्रेसको भागमा पोखरा, वीरगञ्ज र भरतपुरको उपप्रमुख परेको बैठकमा सहभागी एक नेताले बताए ।

यसैगरी माओवादी केन्द्रले ललितपुर, एकीकृत समाजवादीले काठमाडौं र जनता समाजवादीले विराटनगरमा गठबन्धनको तर्फबाट उपप्रमुखमा उम्मेदवारी दिने सहमति भएको ती नेताले बताए । गठबन्धनले उपमहानगरमा पनि सहमतिको लागि छलफल जारी राखेको छ ।

### गठबन्धनलाई चुनौती

पाँचदलीय गठबन्धनमा नेपाली कांग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चा आबद्ध छन् । स्थानीय तह निर्वाचनमा तालमेल गर्ने समझदारी गरेका यी दलले केन्द्र, प्रदेश, जिल्ला र स्थानीय तहसम्म गठबन्धन दलका नेता सम्मिलित संयन्त्र बनाएका छन् । गठबन्धनले गत २९ चैतमा सिट बाँडफाँडको 'मोडालिटी' टुंग्याएको थियो ।

केन्द्रीयस्तरमा चुनावी तालमेलको निर्णयसहित भागबण्डा गरेको सत्तारुढ गठबन्धनलाई स्थानीयस्तरमा निर्णय कार्यान्वयन गर्न चुनौती देखिएको छ । गठबन्धनले चुनावी तालमेलको निर्णय कार्यान्वयन गर्न निर्देशनसमेत जारी गरिसकेको छ। तर स्थानीय तहका नेता कार्यकर्ता केन्द्रीय निर्णय मान्न तयार देखिएका छैनन् ।

नेपाली कांग्रेसका केन्द्रीय नेताहरूले समेत गठबन्धनको विपक्षमा अभिव्यक्ति दिँदै आएका छन् । उनीहरूले गठबन्धन गर्ने/नगर्ने निर्णय लिन सम्बन्धित स्थानीय तहका नेता, कार्यकर्तालाई नै दिनुपर्ने बताउँदै आएका छन् । यसले गठबन्धनको निर्णय तल्लो स्तरमा कार्यान्वयन हुनेमा आशंका बढाएको छ ।

### गठबन्धन टुटाउने षड्यन्त्र हुँदै छ : प्रधानमन्त्री

यसैबीच नेपाली कांग्रेसका सभापति एवं प्रधानमन्त्री देउवाले गठबन्धन टुटाउने षड्यन्त्र भइरहेको बताएका छन् । कांग्रेसको प्रमुख भ्रातृ संस्था नेपाल विद्यार्थी संघको ५३औँ वार्षिकोत्सवको अवसरमा मंगलबार काठमाडौंमा आयोजित कार्यक्रममा बोल्दै उनले गठबन्धन टुटाउने षड्यन्त्र भइरहेको भन्दै यसप्रति सजग हुनुपर्ने बताएका हुन् ।

'गठबन्धनले कांग्रेसलाई फाइदा पुगेको छ, धेरै प्रदेशमा मुख्यमन्त्री र मन्त्री पाएका छौँ, कांग्रेसमा मैले राम्रो काम गरेजस्तो लाग्छ,' प्रधानमन्त्री देउवाले भने, 'गठबन्धन अहिले तोड्नु हुँदैन, निर्वाचनमा एक्लै कुनै पार्टीको बहुमत ल्याउने अवस्था छैन, त्यसैले गठबन्धनलाई अगाडि लिएर जानुपर्छ ।'

कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले संविधान रक्षाका लागि गठबन्धन सरकार बनेको बताउँदै आवश्यकताका आधारमा आगामी स्थानीय तहको निर्वाचनमा गठबन्धन हुनुपर्ने उल्लेख गरे ।


## धितो रहेको सम्पत्ति लिलाम विक्री गर्ने बारे ७ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति २०७९/०१/०७ गते बुधबार)**

यस मानापाथी त्रिपलएम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको तपसीलमा उल्लिखित ऋणीले प्राप्त गर्नु भएको ऋण कर्जाको यस संस्थासँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई ऋणीले संस्थासँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले संस्थाको नाममा धितोबन्धक लेखिदिएको तपसील बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, सहकारी ऐन २०७४ र सहकारी नियमावली २०७५ ले दिएको अधिकार प्रयोग गरी संस्थाको नियमानुसार लिलामद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक ब्यक्ति तथा संस्थाहरुले संस्थाबाट प्राप्त हुने बोलपत्र फाराम रितपूर्वक भरी तपसीलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ८औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आव्हान गरिन्छ। साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/संचालक, जमानी दिनु हुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्री गर्दा पनि संस्थाको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त ब्यहोरा अनुरोध गर्दै सूचनाको म्याद भित्र धनि बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत विशेष अनुरोध गरिएको छ ।

**धितो राखिएको सम्पति र सुरक्षणधनीको विवरण**

श्री लक्ष्मी नारायण गौतमको नाती, दिननाथ गौतमको छोरा पाँचथर जिल्ला काफलबोटे गा.वि.स. वडा नं. ६ हाल फिदिम नगरपालिका वडा नं. १ बस्ने **श्री टिकाराम गौतम**को नाममा मालपोत कार्यालय खैरहनी, चितवनमा दर्ता श्रेष्ता कायम रहेको चितवन जिल्ला कुमरोज गा.वि.स. वडा नं. ३ को कित्ता नं. ७९३ को क्षेत्रफल ०-७-२-० को जग्गा ।

**मानापाथी त्रिपलएम बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**डिल्लिबजार, काठमाडौं, फोन नं. ०१-४४२१७१२, ४४१८२७४**



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TOUQ CANDY FACTORY

पूर्व स्वीकृति मिति :२०७९/०१/०६ | LT. No. 261629 | चलानी नं. :६०१७००८२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 3 | 0 | 1000 | ३२,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GOOD FOOD CORPORATION TO SERVE DRINKS

पूर्व स्वीकृति मिति :२०७९/०१/०६ | LT. No. 261628 | चलानी नं. :६०१७००२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 2 | 0 | 1000 | ३२,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: वैशाख १४ गते (25th April 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

AL NOOR OVERSEAS
श्रम ईजाजत नं. १०८८/०७३/०७४

**Al Noor Overseas Pvt. Ltd**
Samakhushi-29, Kathmandu, Nepal Phone : +977-1-4383094, 4360824
E-Mail : operation.alnoor@gmail.com. Website : www.alnooroverseas.com



## वालिङ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वालिङ, स्याङ्जा, गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।**

**प्रकाशित मिति २०७९।१।७ गते ।**

यस कार्यालयबाट प्रकाशित बोलपत्र/दरभाउपत्र आव्हानको सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु र दरभाउपत्रहरु मुल्याङकन गर्दा तपसिलको बोलपत्र र दरभाउपत्र न्यूनतम मूल्याङकित सारभुत रुपमा प्रभावग्राही भई मुल्याङन समितिबाट स्वीकृतको लागि सिफारिस भए बमोजिम सार्वजनीक खरिद ऐन २०६३ को दफा २७ (२) अनुसार तथा सोही ऐन को दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सब बोलपत्रदाताहरु र दरभाउपत्र दाताहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरीएको छ ।

**तपसिल**

| सि.नं | दरभाउ पत्र ठेक्का नम्बर | योजनाको नाम | छनौट भएको दरभाउपत्रदाता | कबोल अंक (रु) |
|---|---|---|---|---|
| १ | ६/०७८/०७९ | औषधी तथा सर्जिकल सामानहरु खरिद कार्य । | हेलपीङगहेल्थ पोलिक्लिनिक प्रा.ली. काठमाण्डौ पान न.. ३०२०९८०७७ | १२३६६७०.० |
| २ | ३/२०७८/०७९ | सेनेटरी प्याड खरिद कार्य:– | मेडिगोल्ड इन्टरनेशनल प्रा.ली.पान न. ६०६९०४७५१ | ६१०२००.० |



## श्री अमर ज्योति जनता माध्यमिक विद्यालय
पालुङटार, गोरखा
गण्डकी प्रदेश, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

मिति :२०७९/०१/०७

यस विद्यालयको चालु आ.व.२०७८/०७९ को निर्माण कार्यका लागी मिति २०७८/११/२३ गते हिमालय टाइम्सदैनिक पत्रिकामा बोलपत्र आह्वान गरिएकोमा तपसिल अनुसार फर्मको बोलपत्र न्यूनत्म मूल्यांकित र सारभुत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ र ४७ बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्वन्धित सबैको जानकारीका लागि प्रकाशन गरिएको छ ।

**तपसिल :**

| क्र.स | ठेक्का न | योजनाको नाम | आसयपत्र दिएको फर्मको नाम र ठेगाना | कबोल अंक (भ्याट बाहेक ) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | Project Code : AJJSS/ GORKHA /2078/079-01 | Landscaping work at Amar Jyoti Janata Secondary School, Palungtar-4, Luintel, Gorkha | Yes Construction and Suppliers, Satipipal, Gorkha | 2687487.00 | |

**प्रिन्सिपल**



बागमती प्रदेश सरकार
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र**
हेटौंडा, नेपाल

**बोलपत्र स्वीकृत गर्ने आशयपत्रको सूचना**

प्रकाशित मिति: २०७९/०१/०७

यस केन्द्रबाट मिति २०७८/११/०९ मा राष्ट्रिय पत्रिकामा आह्वान गरिएको Procurement of Ambulance ('B' Class ) and Mortuary Van, HLMC/G/NCB–25/2078–79 बोलपत्रअन्तर्गत तपसिलको फर्म न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही देखिन आएकोले बोलपत्र स्वीकृतीको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को उपदफा २७(२) बमोजिम बोलपत्र स्वीकृत गर्न आशयको सूचना प्रकाशित गरिएको छ ।

| S. N. | Contract Name/ Contract Number | Bidder's Name/ Address | Amount (without VAT) |
|---|---|---|---|
| 1. | Procurement of Ambulance ("B" Class) and Mortuary Van, HLMC/G/NCB-25/2078-79-(Mortuary Van) | SIPRADI TRADING PVT. LTD., Kathmandu, Nepal | NPR.7,975,000.00 |

**निर्देशक**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# अर्थमन्त्रीलाई अदालतको झड्का

सर्वोच्च अदालतले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीलाई निलम्बन गर्ने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको छ । न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले मंगलबार गभर्नर अधिकारीमाथि छानबिन गर्ने सरकारको निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश दिएको हो । सर्वोच्चले गभर्नर अधिकारीलाई आफ्नो पदीय जिम्मेवारीमा काम गर्न दिनसमेत आदेश दिएको छ । यससँगै गभर्नर अधिकारी तत्कालका लागि आफ्नो काममा फर्कने भएका छन् ।

अदालतको यो आदेशले अर्थमन्त्री जनार्दन शर्मालाई ठूलो झड्का लागेको छ । व्यक्तिगत प्रतिशोधका कारण गभर्नर अधिकारीमाथि छानबिन गर्न जाँचबुझ समिति बनाएको आरोप उनीमाथि लागेको छ । अर्थमन्त्री शर्माकै प्रस्तावमा मन्त्रिपरिषद्को २४ चैतमा बसेको बैठकले गभर्नर अधिकारीमाथि छनबिन गर्न सर्वोच्च अदालतका पूर्वन्यायाधीश पुरुषोत्तम भण्डारीको अध्यक्षतामा जाँचबुझ समिति गठन गरेको थियो । समिति गठन भएसँगै अधिकारी स्वतः निलम्बनमा परेका थिए । सरकारले राष्ट्र बैंकको गोप्य सूचना चुहाएको, सरकारलाई असहयोग गरेको, एमाले अध्यक्ष केपी ओलीको निर्देशनअनुसार काम गरेकोलगायत गम्भीर आरोप लगाउँदै अधिकारीमाथि छानबिन गर्न समिति बनाउने निर्णय गरेको थियो । सरकारको उक्त निर्णयविरुद्ध गभर्नर अधिकारी ४ वैशाखमा सर्वोच्च पुगेका थिए ।

नियामक निकायका प्रमुखमाथि व्यक्तिगत टकरावमा परेर हस्तक्षेप गर्नु ठीक नभएको भन्दै अर्थमन्त्रीको सर्वत्र आलोचना भइरहेको छ । आर्थिक वर्षको सुरुदेखि नै नकारात्मक संकेत देखापरेको अर्थतन्त्र वर्तमान अवस्थामा आइपुग्दा संकटउन्मुख छ । अर्थमन्त्री शर्मा र राष्ट्र बैंकका गभर्नर अधिकारीबीचको टसलले अर्थतन्त्रले ओरालो बाटो समात्यो । वास्तवमा यी दुई संस्थाबीच समन्वय र सहकार्य हुनुपर्ने हो । हार्दिक सम्बन्ध हुनुपर्ने हो । देशको अर्थतन्त्रलाई उकास्न के गर्न सकिन्छ त्यसमा मन्थन गर्नुपर्ने भने हो । तर, यस्तो हुन सकेन ।


गभर्नर अधिकारी अघिल्लो सरकारको पालामा नियुक्त भएका थिए । जसका कारण पनि अर्थमन्त्री शर्माले शंकाको दृष्टिले हेर्न थाले । अवस्था कतिसम्म आयो भने अहिले तिनै अर्थमन्त्री शर्माको प्रस्तावमा गभर्नर अधिकारीलाई सरकारले निलम्बन गर्‍यो । पूर्वन्यायाधीश भण्डारीको नेतृत्वमा सरकारले बनाएको छानबिन समिति आफैं विवादमा तानियो । समितिका संयोजक शर्माका नातेदार हुन् । समितिका सदस्यहरूसमेत माओवादी केन्द्रसँग आबद्ध रहेको खुलेको छ । यसले समितिमाथि प्रश्न उठेको हो ।

गभर्नर अधिकारीले सर्वोच्चमा दर्ता गरेको रिटमा आफूलाई स्पष्टीकरणको मौकासमेत नदिएको उल्लेख गरेका छन् । साथै, अछामका पृथ्वीबहादुर शाहका नाममा अमेरिकाबाट आएको ४० करोड रकम छुटाउन अर्थमन्त्री शर्माले दबाब दिएकोसमेत उल्लेख गरेका छन् । अमेरिकाले उक्त रकम शंकास्पद देखिएको भन्दै फिर्ता पठाउन नेपाललाई पत्राचार गरेको थियो । तर, उक्त रकम छुटाउन मन्त्री शर्माले दबाब दिएको समाचार सार्वजनिक भएपछि अर्थन्मन्त्री र गभर्नरको टसल झन् बढेको थियो । स्थिति गभर्नरलाई निलम्बन गर्नेसम्म पुग्यो ।

यो मुद्दामा अन्तिम फैसला हुन बाँकी रहे पनि सर्वोच्चले तत्काललाई सरकारको कदम गलत ठहर गरेको छ । व्यक्तिगत प्रतिशोधका आधारमा नियामक निकायलाई कमजोर बनाउने काम कदापि ठीक होइन । न्यायपालिकाले तत्काललाई राष्ट्र बैंकको स्वायत्तता जोगाइदिएको छ । अब अर्थमन्त्रीमाथि नैतिकताको प्रश्न उठेको छ । त्यसको जवाफ उनले अवश्य दिनुपर्छ ।

# पनौती र नमोबुद्ध विश्वसम्पदामा सूचीकरणका लागि पहल

▶▶ राजकुमार पराजुली



अप्रिल १८ का दिन मनाइने विश्वसम्पदा दिवस सोमबार नेपालमा पनि मनाइएको छ । विश्वसम्पदाको संरक्षण तथा सम्बर्द्धनका लागि नयाँ पुस्तालाई जागरुक बनाउन यो दिवस हरेक वर्ष मनाइने गरिन्छ । प्रकृति संरक्षण, पर्यटन, संस्कृति, जैविक विविधता, पर्यावरणलगायत क्षेत्रमा सरोकार राख्ने सरकारी निकाय र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाबीच सहकार्य गरी विभिन्न कार्यक्रमका साथ यो दिवस मनाउने गरिन्छ । दिवसको मूल लक्ष्य स्थानीय साँस्कृतिक, सामाजिक, खेलकुद तथा पर्यटनसँग सम्बन्धित कार्यक्रमको प्रवर्द्धन गर्नु हो ।

काभ्रेपलाञ्चोकमा पनि विभिन्न कार्यक्रमको आयोजना गरी विश्वसम्पदा दिवस मनाइएको छ । काभ्रे उद्योग वाणिज्य संघ, काभ्रे युवा उद्यमी मञ्चलगायत संस्थाले बनेपा तथा पनौतीका ऐतिहासिक स्थलमा पदयात्रा तथा बाजागाजासहित विश्वसम्पदा दिवस मनाएका हुन् । पदयात्रामा सम्पदाको ऐतिहासिकताको संरक्षण एवं प्रवर्द्धनमा जोड दिन आग्रह गरिएको थियो ।

विश्वभर रहेका प्राचीन सम्पदाको पहिचान गरी त्यसलाई संयुक्त राष्ट्र शैक्षिक, वैज्ञानिक एवं साँस्कृतिक संगठन (युनेस्को)ले आफूले निर्धारण गरेको मापदण्ड पूरा भएपछि विश्वसम्पदाको सूचीमा राख्ने गर्छ । यसैको सूचीमा सूचीकृत हुन काभ्रेपलाञ्चोकको पनौती लामो समयदेखि प्रक्रियामा छ भने ऐतिहासिक एवं पर्यटकीय नमोबुद्धले पनि केही महिनादेखि प्रक्रिया थालेको छ । ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पुरातात्त्विक नगर पनौतीलाई विश्वसम्पदा सूचीमा राख्न २६ वर्षदेखि प्रक्रिया थालिएको विवरणले देखाएका छन् । प्रक्रिया करिब सकेर अन्तिम चरणमा रहेको पनौती विश्वसम्पदामा सूचीकृत हुन मन्त्रिपरिषद् निर्णयको पर्खाइमा छ ।

सूचीकृत हुनुपूर्व आवश्यक सम्पूर्ण प्रशासनिक प्रक्रिया सकेर एक वर्षअघि नै मन्त्रिपरिषद्मा ‘ फाइल’ पठाइएको नगरपालिकाले जनाएको छ । पनौती नगरपालिका ७ वडा क्षेत्र विश्व सम्पदामा सूचीकृत गर्न युनेस्कोद्वारा करिब साढे दुई दशकअघि प्रस्ताव गरिएको क्षेत्र हो । सूचीकरणको अन्तिम प्रक्रियाका लागि संघीय मन्त्रिपरिषद् बैठकको निर्णयको पर्खाइमा रहेको नगरप्रमुख भीम न्यौपानेले बताए । उनका अनुसार मन्त्रिपरिषद्ले निर्णय गरेपछि त्यसका आधारमा युनेस्कोले पनौतीलाई विश्वसम्पदामा सूचीकृत गर्नेछ ।

संघीय मन्त्रिपरिषद्को निर्णयलगत्तै विश्वसम्पदामा सूचीकृत हुने युनेस्कोको नेपालस्थित कार्यालयले समेत जनाएको छ । पनौती नगरलाई विश्वसम्पदामा सूचीकृत गर्ने कार्य दुई वर्षअघि बढाइएपछि युनेस्कोका नेपाल प्रमुख क्रिष्टियन मनहर्टले पनौतीका ऐतिहासिक, धार्मिक तथा पुरातात्त्विकलगायत सम्पदाको अवलोकन गरेका थिए । अवलोकनका क्रममा मनहर्टले विशेष रूचिपूर्वक मठमन्दिर तथा पुराना नेपाली मौलिकता बोकेका घरलाई विश्वसम्पदामा सूचीकृत गर्न युनेस्को तयार भएको स्थानीय जनप्रतिनिधिलाई जानकारी गराएपछि नगरले आवश्यक बजेट छुट्याएर प्रक्रिया अघि बढाएको न्यौपानेले बताए । देशमा राजनीतिक उतारचढाव, सरकार परिवर्तन, कोरोना संक्रमणले पारेको प्रतिकूल प्रभावका कारण एक वर्षदेखि मन्त्रिपरिषद्मा पनौतीको विषयले प्राथमिकता नपाउँदा विश्वसम्पदामा सूचीकृत हुन नपाएको बताइन्छ ।

पनौतीलाई सरकारले प्राचीन स्मारक संरक्षण ऐन २०३१ अनुसार २०५८ सालमा ‘स्मारक क्षेत्र’ घोषणा गरिसकेको छ । मन्त्रिपरिषद्को निर्णयपछि युनेस्कोको फ्रान्सको पुरातत्त्वविज्ञ टोलीले पुनः पनौतीको अनुगमन निरीक्षण गर्नेछ । सूचीकरणको यस प्रक्रियामा पनौतीमा ७२ मौलिक नेपाली घर निर्माणको कामसमेत धमाधम भइरहेको छ । नगरद्वारा साँस्कृतिक पर्यटन विकासका लागि कलात्मक काठ बनाउने तालिम, घरबास पर्यटन सञ्चालन र पुरातात्त्विक सम्पदाको संरक्षण कार्यक्रम सञ्चालन गरिसकिएको छ ।

संघीय राजधानी काठमाडौंबाट पूर्वतर्फ २५ किलोमिटरको व्यापारिक नगर बनेपाबाट छ किलोमिटर दक्षिणमा पर्ने पनौती विश्व सम्पदामा सूचीकृत भएपछि ‘पनौती युनेस्को विश्वसम्पदा क्षेत्र’ भनिने छ । युनेस्कोले कुनै पनि राष्ट्रको विशेष साँस्कृतिक महत्त्व राख्ने क्षेत्र जस्तैः वन, पहाड, ताल, द्वीप, मरुभूमि, स्मारक, भवन, वा सहर आदि धरोहरलाई आफ्नो सूचीमा सूचीबद्ध गर्ने गर्छ, जुन विश्वसम्पदा समितिद्वारा चयन गर्ने गरिन्छ । समितिले नै सम्पदा क्षेत्रको रेखदेख युनेस्कोको तत्वावधानमा हुने नीति छ ।

युनेस्कोको नेपालस्थित निकायले २०५२ सालमै पनौतीलाई मध्यकालीन वास्तुकला क्षेत्र जनाउँदै विश्वसम्पदामा सूचीकृत गर्न प्रस्ताव गरेको थियो । त्यसयता जनप्रतिनिधि तथा सरोकार पक्षको बेवास्ताले सूचीकरणको काम अन्योलमा रहँदै आएको हो । पुरातत्त्व विभागद्वारा पनौती नगरका ऐतिहासिक मठमन्दिर तथा पुराना कलात्मक शैलीका घरको पुनःनिर्माण भइरहेको छ । पनौती-५, ६ र ७ मा १०० भन्दा बढी ऐतिहासिक मठमन्दिर र पाटीपौवा छन् । फ्रान्स सरकारका सहयोगमा २०४८ देखि २०५५ सालसम्ममा ती मठमन्दिर, पाटी, पौवाको मर्मत एवं जीर्णोद्वार गरिएको थियो ।

संघीय सरकारले हालसम्म पनौतीसहित १५ ऐतिहासिक एवं पर्यटकीयस्थललाई विश्वसम्पदा सूचीमा सूचीकृत गर्न युनेस्कोसमक्ष प्रस्ताव गरेको छ । भारतको प्रयागमा गंगा र यमुना नदीको संगममा गुप्तरूपले सरस्वती मिसन नदी बहेझैं पनौतीस्थित रोशीलाई रुद्रावती नदी, पुण्यमाता नदीलाई लीलावती र गुप्तरूपले बहेकी ब्रह्मायणी मन्दिरको मुनिबाट दूध बग्ने नदी पद्मावती मानिँदै आइएको छ ।

राजा प्रताप मल्लले वि.सं. १७२५ मा रानीपोखरी बनाइसकेपछि विभिन्न तीर्थस्थलको जल राख्ने क्रममा पनौतीस्थित त्रिवेणीघाटको जल पनि राखेको शिलालेखमा उल्लेख गरिएको इतिहासविद्ले जनाएका छन् । तीन नदीको संगमस्थल त्रिवेणीघाटमा पुण्यमाता र रोशी खोलाबाहेक पद्मावती नदी गुप्त रूपमा बहिरहेको मान्यता छ । वासुकीनागको कथा पनि जोडिएको पनौतीमा नेपालमा कतै नभएको इन्द्रेश्वर महादेव र गोरखनाथ मन्दिर आदि छन् । यस क्षेत्रमा भूकम्प जाँदैन भन्ने विश्वास पनि छ ।

त्यसो त पनौती नगरको संरक्षित क्षेत्रअन्तर्गत ऐतिहासिक पनौती सहरमा पुरानो शैलीका घर बनाइँदै छ । नगर कार्यालयले पुरानो शैलीका घर बनाउने स्थानीयवासीलाई प्रोत्साहनस्वरूप आर्थिक सहयोग पनि गरेको छ । नगरको सहयोगका लागि वडा नं ७ का बासिन्दाले पुरातत्त्व विभागले दिएको मापदण्डअनुसारको निजी आवास बनाउनुपर्ने हुन्छ । नगरले सो कार्यक्रमअन्तर्गत ११ परिवारलाई आर्थिक सहयोग प्रदान गरिसकिएको जनाएको छ । विभागले तोकेअनुसार सार्वजनिक बाटो, गल्ली र चोकतर्फ मोहडा फर्किएको पुरानो शैलीको घर बनाउनेलाई प्रोत्साहनस्वरूप आर्थिक सहयोग दिन थालिएको नगरका वरिष्ठ प्रशासकीय अधिकृत इन्द्रप्रसाद अधिकारीले बताए । उनका अनुसार विभागले तोकेअनुसारको पुरानो शैलीका घर बनाउँदा हाल महँगो पर्ने भएकाले पुरानो सहरको ऐतिहासिकता जोगाउन नगरले पनि सहयोग गर्न थालेको हो । ९९ हजारदेखि तीन लाख ७८ हजार रूपैयाँसम्म प्रोत्साहन रकम प्रदान गरिएको नगरले जनाएको छ ।

प्रोत्साहन रकम दिन थालेपछि आवास पुनःनिर्माण गर्नेले पनि पुरानै शैलीमा बनाउने प्रस्ताव गर्न थालेका छन् । हालसम्म ७१ परिवारले पुरानो शैलीका घर बनाउने भएकाले नगरबाट सहयोगका लागि प्रस्ताव पेस गरेका छन् ।

**नमोबुद्ध सूचीकरण पहल**

ऐतिहासिक एवं पर्यटकीय नमोबुद्धलाई पनि विश्वसम्पदा सूचीमा सूचीकृत गर्न पहल थालिएको छ । नमोबुद्ध ऐतिहासिक, पर्यटकीय एवं धार्मिकस्थल भएकाले विश्वसम्पदामा सूचीकरणका लागि सरोकार पक्षबाट केही महिनाअघिदेखि पहल सुरु गरिएको हो ।

नमोबुद्ध नगरपालिका वडा नं. ११ स्थित नमोबुद्धलाई विश्वसम्पदामा सूचीकृत गर्न नगरले यसअघि जनप्रतिनिधिलाई आग्रह गर्दै आएको थियो । नगरप्रमुख टिपी शर्मा तिमल्सिनाका अनुसार सम्पदामा सूचीकृत गर्ने मापदण्ड करिब पुगिसकेकाले नगरको योजनामा समेटिएको छ ।

नगरले युनेस्कोका नेपाल प्रतिनिधिलाई औपचारिक रूपमा अवलोकन-भ्रमण गराउने योजना बनाएको छ । सूचीकरणका लागि प्रदेशस्तरबाट समेत पहल भएको बागमती प्रदेशका प्रदेशसभा सदस्य चन्द्र लामाले बताए । उनका अनुसार वातावरण सहज भए आउँदो पुसमा युनेस्कोसहित सरोकार पक्षद्वारा नमोबुद्धको औपचारिक अवलोकन-भ्रमण हुनेछ । पर्यटकीयस्थल नमोबुद्धलाई विशेषगरी बौद्ध धर्मालम्बीको तीर्थस्थलका रूपमासमेत लिइने गरिन्छ ।

**पनौतीलाई सरकारले प्राचीन स्मारक संरक्षण ऐन २०३१ अनुसार २०५८ सालमा 'स्मारक क्षेत्र' घोषणा गरिसकेको छ । मन्त्रिपरिषद्को निर्णयपछि युनेस्कोको फ्रान्सको पुरातत्त्वविज्ञ टोलीले पुनः पनौतीको अनुगमन निरीक्षण गर्नेछ । नमोबुद्ध ऐतिहासिक, पर्यटकीय एवं धार्मिकस्थल भएकाले विश्वसम्पदामा सूचीकरणका लागि सरोकार पक्षबाट केही महिनाअघिदेखि पहल सुरू गरिएको हो ।**

शाक्यमुनि गौतम बुद्ध पूर्वजन्ममा ‘राजकुमार’ रहेको र बोधिसत्त्व उनले आफ्नो देहत्याग गरी बघिनीलाई जीवन प्रदान गरेको स्थलका रूपमा नमोबुद्धलाई मानिन्छ । गौतम बुद्धले लुम्बिनीमा पुनर्जन्म प्राप्त गरेपछि पूर्वजन्ममा जीवन त्याग गरेको भूमिमा ‘नमोबुद्धाय नमः’बाट नमोबुद्ध नामकरण भएको पाइन्छ । किंवदन्तीअनुसार द्वापर युगका उनै राजकुमारको अस्थिपञ्जर गाडी बनाइएको चैत्य र जीवन त्याग गरेको स्थानमा कात्तिक शुक्ल पूर्णिमाका अवसरमा पूजाअर्चना र दीप प्रज्ज्वलन गर्न बौद्ध धर्मालम्बीको भीड लाग्ने गरेको छ । हाल उक्त स्थानमा गौतम बुद्धका मूर्तिसहित गुम्बा र चैत्य छन् । गुम्बामा बौद्ध पाठशालासमेत रहेको छ । *रासस*

## मनन्योग्य

### विदुर नीति

(अतिथि सत्कार गर्दा मधुपर्क दिइने गरिन्छ । मधुपर्क भनेको दहीनलाई गुलियो हुने गरी मह मिसाईएको पदार्थ हो । मधुपार्क दिन योग्य ठानिएका महानुभाव ६ जना स्नातक, आचार्य, पूरोहित, राजा, जुवाई र असल एव्म प्यारो साथी हुन् । अर्घ्य पनि दिने प्रचलन छ । वेदविता ब्राह्मण आचार्य अथवा पूरोहित यो अर्घ्य योग्य छन् । श्राद्ध भन्नाले पितृकर्म एवम् मृतकको कृत्यलाई बुझ्नुपर्दछ । श्राद्धकार्यको अधिकार वेद जान्ने ब्राह्मणलाई मात्र प्राप्त भएको छ भन्ने कुराको यस श्लोकले पुष्टि गरेको छ । तसर्थ श्राद्ध आदि पितृ कार्यमा पढेदेखेको, वेद जान्ने ब्राह्मणलाई मात्र संलग्न गराउनुपर्दछ । यस श्लोकमा उल्लेखित षड्गुण गोपनियताको राजनीतिक विषयसँग सम्बन्धित छन् यी ६ वटा गुण निम्न लिखित छन् :

१ सन्धि - शत्रसँग वा छिमेकी वा अरु राष्ट्रको सरकारसँग सहयोगको निम्ति वचन लिनु-दिनुको सम्झौता गर्नु ।

२ विग्रह - शत्रु वा अरु विर्धमी, बदमास, प्रजापीडक शासन (राजा) हरूसँग टाढा रहनु वा सम्बन्धविच्छेद गर्नु ।

३ यान - शत्ररलाई आक्रमण गर्नु ।

४ आसन - उत्तेजित पार्ने खालको शत्रको हाँक सुन्दा पनि आफ्नो पक्ष निर्वल छ भन्ने सम्झेर आफूतर्फ शक्तिसञ्चय भई सक्षम नहोउन्जेलसम्म चुपचाप बस्नु ।

५ द्वैधीभाव - दुई किसिमको मनसाय लिनु । देखावटी रूपले वैरीसँग मित्रता गर्नु, भित्री तवरले भने शत्रुता राखी आफ्नो सेनालाई दुई भागमा (टुकडीमा) विभाजन गरेर एउटालाई धावा बोल्नु वा वैरीतर्फ आक्रमण कार्य गर्नु अर्को टुकडीलाई प्रत्यक्ष अरुले देख्ने गरेर अपमानित गर्नु र गोप्य रूपले शत्रुपक्षमा मिल्न पठाउनु, आफूसँगबाट छुट्टिएर शत्रुतर्फ मिलेको यस किसिमको सेनाको टुकडीले लडाईको बेलामा शत्रुको सेनाभित्र पसेर त्यसलाई नष्ट पार्दछ ।

**क्रमशः**

## पत्र-मञ्जुषा

# नयाँ बजेटमा समेट्नैपर्ने विषय

यतिबेला सरकारले आर्थिक वर्ष २०७९/८० को लागि बजेट तयारी गरिरहेको छ । बजेट निर्माणका लागि अर्थ मन्त्रालयले विभिन्न निकाय र सरोकारवालाहरूसँग छलफलसमेत गरिरहेको छ । संवैधानिक व्यवस्था अनुसार हरेक वर्षको जेठ १५ गते अर्थमन्त्रीले संघीय संसद्को संयुक्त बैठकमा बजेट पेस गर्नुपर्छ । उक्त मितिमा बजेट ल्याउनुपर्ने व्यवस्था नेपालको संविधान, २०७२ मा प्रस्ट रूपमा गरिएको छ ।

अर्थमन्त्री जनार्दन शर्माले आर्थिक तरलताका बीच कस्तो बजेट ल्याउलान् ? अहिले सर्वत्र चासोको विषय बनेको छ । पछिल्लो समय मुलुकको अर्थतन्त्र समस्यामा परेको विषयमा कोही अनविज्ञ छैनन् । आमनागरिकले आर्थिक संकटबाट मुलुकलाई जोगाउन सरकारी खर्च कटौतीदेखि तलब भत्ता पनि आधा गर्नुपर्ने माग राख्दै आएका छन् । त्यस्तै, ज्येष्ठ नागरिक भत्ता र पेन्सनवाला कर्मचारीको पेन्सन पूरा कटौती गर्नुपर्ने मागसमेत उठेको छ । तत्कालको लागि सरकारी गाडी किन्न छुट्याइने बजेट पनि स्थगित गर्नुपर्नेमा अर्थविद्हरूको जोड छ । अब आउने बजेटमा करको दरभन्दा दायरा बढाउन अर्थविद्हरूले सरकारलाई सुझाव दिएका छन् । घरधनीलाई मात्रै करको दायरामा ल्याउन सक्यो भने अर्बौं राजस्व उठ्नेमा उनीहरू विश्वस्त देखिन्छन् ।

जस्तैः घरधनीले घर जग्गामा गरेको लगानीबापत राजस्व उठाउन सक्नुपर्‍यो । किनकि, घरधनीहरूले लगानीबापत कर तिरेका छैनन् । एउटा घरमा दुई करोडदेखि अर्ब रूपैयाँसम्म लगानी गरिएको छ । मासिक ५० हजारदेखि छ करोड रूपैयाँसम्म घरबहाल उठाइरहेका छन् । राज्यले यसबाट राजस्व पाएको छैन । घरको अवस्था कस्तो छ ? मान्छे बस्न ठीक छ कि छैन ? चेकजाँच गरेर स्टिकर लगाइदिनुपर्‍यो । अवस्था ठीक भएकोलाई हरियो र नभएकोलाई रातो स्टिकरद्धारा छुटाउनुपर्छ । राजस्व उठाउनलाई घरहरू घरेलु र कम्पनीमा लगेर पञ्जीकरण गर्नै निति कार्यान्वयनमा ल्याउनुपर्छ ।

ठाउँ हेरेर एउटा सामान्य कोठाको मासिक सातदेखि १० हजार रूपैयाँसम्म भाडा लिने गरिएको छ । त्यसैगरी एउटा सटरको १० हजारदेखि आठ लाख रूपैयाँसम्म उठाउने गरिएको पाइन्छ । वडा र घरधनीको मिलोमतोमा १० हजारको राजस्व २०० र आठ लाखको १०० तिर्छन् । वडाका कर्मचारीहरू निकम्मा हुँदा राज्यले बर्सेनि अर्बौं रूपैयाँ राजस्व गुमाइरहेको छ ।

कोठा भाडा र सटर भाडा घरधनीको जिब्रोले निर्धारण गर्छ । अब सरकारले नै घरबहाल निर्धारण गरिदिनुपर्छ । घरभाडा महँगो लिन्छन् तर सेवा सुविधा दिँदैनन् । कोठामा बस्नेहरूले महँगो बहाल तिरे पनि राज्य रित्तै छ । सरकारले ल्याउन लागेको बजेटमा यी विषयहरू समावेश गरिनुपर्छ । त्यस्तै, निजी सवारीसाधनलाई पनि करको दायरामा ल्याउनुपर्छ ।

सार्वजनिक सवारीसाधनझैं प्रत्येक चार महिनामा रोड पर्मिट, छ महिनामा जाँचपास र घरेलु र कम्पनीमा गएर पञ्जीकरण गर्ने नीति ल्याउनुपर्छ । दुई पांग्रे सवारसाधनको प्रदूषण जाँच गर्ने र स्टिकर टाँस्ने व्यवस्था मिलाउनुपर्छ । एउटा निजी सवारीसाधनमा तीन लाखदेखि तीन करोड रूपैयाँसम्म लगानी गरेको छ ।

सरकारले अगामी बजेटमा यी नीति ल्याउन सके राज्यको ढुकुटीमा राजस्व उठ्छ । पछिल्लो समय अधिकांशको लगानी भनेको घरजग्गा र निजी प्लेटको सवारीसाधन नै हो । तर, त्यहाँबाट उठ्ने राजस्व शून्य बराबर छ । अबको बजेट भाषणमा खेतीयोग्य जमिनमा घर बनाउन नदिने, जसले खेतीयोग्य जमिनमा घर बनाएको छ उसलाई थप कर लगाउने नीति लिनुपर्छ ।

*उमेश थापा, काठमाडौं*

**जानकारी**

**अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरू गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.**

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

# ‘शिक्षा ऐन बनेपछि शैक्षिक प्रणालीमा सुधार आउँछ’

■ प्रभाव संवाददाता

**सुर्खेत–** शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले शिक्षासम्बन्धी ऐन बनेपछि समग्र शैक्षिक प्रणालीमा सुधार आउने विश्वास व्यक्त गरेका छन् ।

मध्यपश्चिम विश्वविद्यालयको दोस्रो दीक्षान्त समारोहमा उनले संघीय शिक्षा ऐन, उच्च शिक्षा ऐन, प्राविधिक शिक्षा ऐन र प्रतिष्ठानलाई व्यवस्थित गर्न बनेको ऐनको मस्यौदा तयार भइसकेको जानकारी दिँदै सो विश्वास व्यक्त गरेका हुन् । उनले विश्वविद्यालयको पुन:संरचनाको जरुरी रहेको पनि बताए ।

उनले उच्च शिक्षा सुधारको जिम्मेवारी विश्वविद्यालयले लिनुपर्ने बताउँदै दक्ष जनशक्ति उत्पादन गर्ने दायित्व विश्वविद्यालयले लिनुपर्ने धारणा राखे ।

उनले दक्ष जनशक्ति उत्पादन गरी मुलुकलाई समृद्धिको मार्गचित्रमा डोऱ्याउने दायित्व विश्वविद्यालयको रहेको बताए ।

विश्वविद्यालयका सह-कुलपतिसमेत रहेका मन्त्री पौडेलले सरकारले तीनै तहका शिक्षा प्रणालीलाई कानूनी, शिक्षण सिकाइ र भौतिक सुधारको प्रयत्न गरिरहेको बताए । उनले माध्यमिक, उच्च शिक्षा र व्यावसायिक तथा प्राविधिक शिक्षालाई व्यवस्थित गर्न ५५ बुँदे सुधारको मार्गचित्र अघि बढाएको बताए । उनले तीनै तहका शिक्षा प्रणालीलाई सुधार गरी अन्तर्राष्ट्रिय मापदण्डको शैक्षिण गुणस्तर अभिवृद्धि गर्न सरकारले शैक्षिक पुन:संरचनामा जोड दिएको बताए ।

मन्त्री पौडेलले शिक्षालाई सीप र सीपलाई रोजगारीसँग जोड्नुपर्ने धारणा राखे । यसका लागि सरकारले सातवटै प्रदेशमा मेडिकल शिक्षा पढाइ हुने कलेज स्थापना गर्ने प्रक्रिया थालनी गरेको तथा १४० वटा विद्यालयमा पढ्दै-कमाउँदै कार्यक्रम लागू गरेको उनको भनाइ छ ।

दीक्षान्त समारोहमा सन् २०१४ का नोबेल शान्ति पुरस्कार विजेता एवं बाल श्रमिकविरुद्ध विश्वव्यापी अभियानका अध्यक्ष कैलाश सत्यार्थीले शिक्षा नै विकासको मुख्य आधार भएको बताए । उनले आफूले भारतीय कोठीमा बेचिएका युवती, बालबालिकाको उद्धारमा लामो समय खर्चिएको र थुप्रै संघर्ष भोग्नुपरेको अनुभव सुनाए ।

विश्वविद्यालयका उपकुलपति प्रा डा नन्दबहादुर सिंहले विश्वविद्यालयका छवटा भवन निर्माण सम्पन्न भई हस्तान्तरण प्रक्रियामा रहेको, सात वटा बहुवर्षीय परियोजना सुरु गरेको, स्मार्ट टेक्नोलोजीमा आधारित संरचनाको विकास गर्ने लक्ष्यअनुरूप चालु आवलाई ‘एकेडेमिक एक्सेलेन्सी र भौतिक पूर्वाधार विकास वर्ष’का रूपमा कार्यसम्पादन भइरहेको बताए ।

शिक्षामन्त्री पौडेल, नोबेल शान्ति पुरस्कार विजेता सत्यार्थी र उपकुलपति सिंहले कुलपति, उपकुलपति पदकका साथै सुर्खेत उद्योग वाणिज्य संघ स्वर्ण पदक प्राप्त विद्यार्थीलाई दीक्षित गरे । दीक्षित हुने ५१९ विद्यार्थीमध्ये कुलपति पदक नौ, उपकुलपति पदक १८ र सुर्खेत उद्योग वाणिज्य संघ स्वर्णपदक पाँच जनालाई प्रदान गरिएको थियो ।

## जबरजस्ती करणी अभियोगमा पक्राउ

**उदयपुर (प्रस)–** १९ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा कटारी नगरपालिका-५ खोलटार बस्ने ४० वर्षीय सन्तोष जोशीलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । ती किशोरीलाई सन्तोषले जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय कटारीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

त्यस्तै, ललितपुर, १५ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा महांकाल गाउँपालिका-६ ठुला दुर्लुङ सिलिङ्गे बस्ने ५१ वर्षीय डिल्लीराम सिवाकोटीलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । सिवाकोटीले ती किशोरीलाई ललाई फकाई २०७८ भदौदेखि पटकपटक जबरजस्ती करणी गर्दै आएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी वृत्त चापागाँउ र प्रहरी चौकी गिम्दीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

ओखलढुङ्गा, १५ वर्षीया किशोरीलाई बालयौन दुरूपयोग गरेको अभियोगमा उदयपुर उदयपुरगढी गाउँपालिका-७ घर भएका २० वर्षीय कमल मगरलाई सोमबार प्रहरीले पक्राउ गरेको छ । ती किशोरीलाई सुनकोशी गाउँपालिका-९ तेर्सेस्थित सार्वजनिक बाटोमा आइतबार मगरले बालयौन दुरूपयोग गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी कोषाहाटबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।


## कर्मचारी आवश्यकता

**यस मेनपावर कम्पनीका लागि कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।**

**DOCUMENTATION - 1 (Female)**

**योग्यता:** स्नातक तह उतिर्ण हुनुपर्नेछ ।
**अनुभव:** कम्तिमा २ वर्ष कम्पनीमा काम गरेको हुनुपर्नेछ ।
**तलब आपसी समझदारी हुनेछ ।**

**All Rahim Manpower Pvt. Ltd.**
Govt. Lic. No. 1264/074/075
Chandol-4, Chappalkarkhana, Kathmandu, Tel : 4444419, 4444429
Email: allrahimhr@gmail.com | info@allrahimmanpower.com
Mobile: 9851124876 Website: www.allrahimmanpower.com


## श्री डुकुरसिंह सामुदायीक वन उपभोक्ता समुह त्रियुगा नगरपालिका १६ उदयपुरकोसमुह बाहिर काठ विक्रि संबन्धि सूचना

यस सामुदायिक वनबाट आर्थिक बर्ष २०७८/०७९ को विधिवत रूपमा कटान मुछान संकलन भइ घाट गद्दिमा रहेको साल थान १६ को ए ग्रेड २१९.३० क्युफिट, साल थान २९ वि ग्रेड २७०.०५ क्युफिट, साल थान १७ को सि ग्रेड १००.६७ क्युफिट गरी हुन आउने जम्मा साल थान ६२ को ५९०.०२ क्युफिट काठ समुह बाहिर जे जो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री समुह बाहिर गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, संघ संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ । पूर्ण व्यहोराको सूचना समूहको सूचनापाटीमा टांस गरिएको छ ।


## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : PADRA MEDICAL CENTER

पूर्व स्वीकृति मिति : २०७९/०१/०६ | LT. No.261616 | चलानी नं. ६०१७८०६६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Nurse | 0 | 4 | 4200 | १,४०,८५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १४ गते (27th Apr. 2022 )मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**GREEN LIGHT OVERSEAS PVT. LTD**
श्रम ईजाजत नं. 1365/074/75
Basundhara-3, Kathmandu Tel : +977-1-5905757, 5905758
Email:info@green-lightgroup.com, Web:green-lightgroup.com



## साउदी/युएईमा रोजगारको अवसर

कम्पनी : T K S CLEANING SERVICES L.L.C

पुर्व स्वीकृति मिति २०७८/१०/१४ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०६ | LT No.257194 | चलानी नं.६०१७३५९२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 8 | 0 | 900 | ३०,१३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : SHAWARMAJI MEALS COMPANY IS A ONE PERSON COMPAMY.

पुर्व स्वीकृति मिति २०७८/१२/०९ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०६ | LT No.259838 | चलानी नं.६०१७३४१७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 5 | 0 | 1000 | ३२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : GREEN SCAPES

पुर्व स्वीकृति मिति २०७८/१०/०३ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०६ | LT No.256183 | चलानी नं.६०१७२८२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव AED | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Worker | 50 | 0 | 1000 | ३३,४८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: म्यानवापर कम्पनी काठमाडौं मिति : बैशाख १४ गते (27th Apr. 2022) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**INSPIRE INTERNATIONAL EMPLOYMENT PVT.LTD.**
श्रम ईजाजत नं. १३६३/०७४/०७५
Airport, Shambhu marg-4, Kathmandu,Nepal Phone: (+977) 4112800, 4498248, Email: inspireintemp@gmail.com


प्रदेश सरकार
सुदूरपश्चिम प्रदेश
**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**
धनगढी कैलाली

## क्याटलग सपिङ विधिवाट गाडी खरिद सम्बन्धी सूचना

प्रकाशित मिति:२०७९।०१।०७

यस मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस मन्त्रालयलाइ आवश्यक पर्ने देहाय बमोजिमको सवारी साधन सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ को उपदफा १ (क) ८ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ख.बमोजिम खरिद गर्न त्यस्तो सवारी साधन उत्पादन गर्ने ईच्छुक कम्पनी वा सो को आधिकारिक विक्रेताले आ-आ´नो फर्म दर्ता, भ्याट दर्ता, आ.व. २०७७।०७८ को कर चुक्ता र Letter of Authorization का प्रमाणित प्रतिलिपिहरु समावेश गरी सुचीकृत हुन सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ख को उपनियम २ अनुसारका विवरण संलग्न गरी मिति २०७९।०१।१६ गते भित्र यस मन्त्रालयमा निवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकासित गरिएको छ ।

**आवश्यक सवारी साधनको विवरण:**

| क्र.सं. | सवारी साधन | संक्षिप्त स्पेसीफिकेशन | कैफियत |
|---|---|---|---|
| 1 | 4 WD Hard Top Jeep QuantityM1 | Engine: water cooled diesel<br>DisplacementM (1900-2200)cc<br>Engine Torque: 250 NM@rated RPM (minimum)<br>Ground clearanceM Minimum 180mm<br>TransmissionM Min 5 forward and one Reverse, | |

**नोट:** थप विवरणको लागि मन्त्रालयमा सम्पर्क गर्नसक्नुहुनेछ । फोन नं.०९१-५२११२७ वा **website: moitfe.sudurpaschim.gov.np**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : JOTUN PAINTS (MALAYSIA) SDN. BHD.

पूर्व स्वीकृति मिति २०७९/०१/०६ | LT. No. 261681 | चलानी नं. ६०१७८११६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव MR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 18 | 0 | 1200 | ३४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: वेशाख १४ गते (25th April 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** ७०,०००।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Landmark Manpower Solution Pvt. Ltd.**
श्रम ईजाजत नं. ७६२/०६४/०६५
P. O. Box: 26407, Ranibari Chowk, Samakhushi, Kathmandu, Nepal.
Phone No.: +977-1-4390091 and +977980358084
Email: applicant.landmark@gmail.com, Website: www.lmmanpower.com



## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITECH QATAR

पुर्व स्वीकृति मिति २०७८/०८/२७ | पुन विज्ञापन स्वीकृति मिति २०७९/०१/०६ | LT. No. 253575 | चलानी नं.६०१७०२९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव QR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technician | 2 | 0 | 1100 | ३६,८९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख १४ गते (27th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**दियालो इन्टरनेशनल इम्प्लोएमेन्ट एजेन्सी प्रा. लि.**
Licence No.: 811/065/066
पो.ब. नं.: २०१९, सिनामंगल काठमाडौं, फोन नं. ०१-४५६०९२२, ४५६०६००,
ईमेल : diyalointl@gmail.com, www.diyalo.com.np



**Fewa HR Solutions Pvt. Ltd.**
श्रम इजाजत नं. १४८५/०७४/०७५
P.O. Box: 6313, KMC-32, Tinkune, Kathmandu, Office: +977-1-4117992, 4117997
E-mail: fewahrsolutions@gmail.com, website: www.fewahrsolutions.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: MODERN TECHNOLOGY FOR AC/PROJECT

पूर्व स्वीकृति मिति : २०७८/१२/०१ | पुन विज्ञापन स्वीकृति मिति : २०७९/०१/०६ | LT. No. 259662 | चलानी नं. ६०१७५९८०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1300 | ४२,३३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: EASTERN MSAR TRADING & CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति : २०७९/०१/०६ | LT. No. 261719 | चलानी नं. ६०१७८०६९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव SR | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 1 | 0 | 1500 | ४९,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १४ गते (27th Apr. 2022 )मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | कामदार आफैंले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।**



## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KOUT BEACH HOTEL.

पूर्व स्वीकृति मिति : २०७८/०७/२८ | पून विज्ञापन स्वीकृति मिति : २०७९/०१/०६ | LT. No. :250154 | चलानी नं.६०१७२९४६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | मासिक तलव KWD | ने.रू. | ओभरटाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bellman | 3 | 0 | 120 | ४८,२९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis Ii | 2 | 0 | 150 | ६०,३६० | | | | | | | |
| 3 | Demi Chef De Partie (Cook) | 2 | 0 | 190 | ७६,४५५ | | | | | | | |
| 4 | Housekeeping Room Attendant | 3 | 2 | 110 | ४४,२६५ | | | | | | | |
| 5 | Housekeeping Supervisor | 1 | 1 | 150 | ६०,३६० | | | | | | | |
| 6 | Kitchen Stewards | 5 | 0 | 120 | ४८,२९० | | | | | | | |
| 7 | Laundry Attendant | 4 | 0 | 120 | ४८,२९० | | | | | | | |
| 8 | Pastry Baker | 2 | 0 | 160 | ६४,३८५ | | | | | | | |
| 9 | Pastry Chef De Partie | 2 | 0 | 190 | ७६,४५५ | | | | | | | |
| 10 | Tailor | 2 | 0 | 130 | ५२,३१० | | | | | | | |
| 11 | Technician | 1 | 0 | 160 | ६४,३८५ | | | | | | | |
| 12 | Waiter | 5 | 5 | 120 | ४८,२९० | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: मेनपावर कार्यालय काठमाडौं, मिति: बैशाख १४ गते (27th Apr. 2022) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** नि:शुल्क


**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Supreme Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ३०१/०५९/०६०
Koteshwor-35, Kathmandu, Nepal. Tel No: 4610716, Phone: 9813327241, 9741877355, 9851107202, 9841359033
Email: supremeovs@yahoo.com, receptionsupreme123@gmail.com, Web: www.supremeoverseas.com.np




## सुशिलाको 'तिमीलाई हेरेर' सार्वजनिक

गायिका सुशिला बरालको सुमधुर स्वरमा समावेश 'तिमीलाई हेरेर' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ । प्रेमिल शैलीको यस गीतमा स्वयम् गायिका बरालको शब्द, संगीत रहेको छ । यस गीतलाई महाराज थापाले संगीत संयोजन गरेका हुन् । गायिका बरालको वास्तविक जीवन कथामा आधारित यस गीतको म्युजिक भिडियोमा स्मारिका ढकाल र रंजित पौडेल फिचर्ड छन् ।



# ग्रामीण चलचित्र महोत्सव सुरु




■ प्रभाव संवाददाता

**काठमाडौं–** गोरखा जिल्लाको दुर्गम मानिने लाप्राक गाउँमा 'नेपाल ग्रामीण चलचित्र महोत्सव' सुरु भएको छ । सेलिब्रेटी नेपालको आयोजनामा धार्चे गाउँपालिका -४ लाप्राकमा मंगलबार चलचित्र महोत्सवको उद्घाटन गरिएको हो ।

उद्घाटन कार्यक्रमका प्रमुख अतिथि रहेका गाउँपालिका अध्यक्ष सन्त बहादुर गुरुङले गाउँमा चलचित्र महोत्सव हुँदा खुशी लागेको बताउँदै महोत्सवले गाउँको पर्यटन प्रवर्द्धनमा समेत टेवा पुग्ने विश्वास व्यक्त गरे ।

महोत्सवका स्थानीय व्यवस्थापक राज गुरुङको सभापतित्वमा भएको उद्घाटन कार्यक्रमसँगै राज सागरको टिमले नेपाली चलचित्रका गीतमा प्रस्तुती दिएका थिए । महोत्सवमा गुरुङ चलचित्र 'फुङ'बाट चलचित्रको प्रदर्शनी सुरु गरिएको थियो । त्यस्तै, मंगलबार स्थानीयसँग ग्रामीण चलचित्र सम्बन्धि अन्तरक्रिया समेत गरिएको छ ।

बुधबारसम्म चल्ने महोत्सवमा विभिन्न भाषामा बनेका अन्य सांस्कृतिक चलचित्र, वृत्तचित्र, सर्टमुभी र फिचर फिल्मसमेत प्रदर्शन गरिने आयोजक संस्थाका अध्यक्ष रघुनाथ सापकोटाले बताए ।

कलाकार रबिन्द्र खड्का, लेखक एवं निर्देशक शिवम अधिकारी, सम्पादक शिव पुरी, साउन्ड एडिटर किशोर आचार्य, पत्रकार तथा निर्देशक लक्ष्मण सुवेदी महोत्सवको जुरी टिममा रहेका छन् ।

जुरी टिमले छनोट गरेका उत्कृष्ट ९ विधामा अवार्ड समेत वितरण गर्दै महोत्सव सकिनेछ । नेपाल चलचित्र विकास वोर्डसँगको सहकार्य रहेको महोत्सवको सह-आयोजकमा ' भ्वाइस अफ नेपाल म्युजिक इण्डष्ट्रिज' रहेको छ । महोत्सवमा काठमाडौंबाट गजित विष्ट, पनाह अधिकारी, छिरिङ भुटीया लगायतका फिल्मकर्मीहरू लाप्राक पुगेका छन् भने स्थानीयहरूको उत्साहजनक उपस्थिति छ । स्थानीयहरूले गाउँमा यसप्रकारको कार्यक्रम हुँदा खुशी लागेको बताएका छन् ।

नेपाली मौलिक चलचित्र, चलचित्रकर्मी र स्थानीय पर्यटकीय स्थलको प्रचारप्रसार तथा प्रवर्द्धन गर्नु, नेपाली आम दर्शकलाई नेपाली मौलिक चलचित्रप्रति आकर्षित गराउनु र नियमित चलचित्र हेर्ने बानी बसाल्नु, नेपाली समाजका मौलिकता बोकेका र ग्रामीण कथामा बनेका चलचित्रहरूलाई स्वदेशी तथा विदेशी दर्शकमाझ पुर्याउनु र स्थानीय क्षेत्रको भाषा, कला, संस्कृति एवं पर्यटकीय क्षेत्रको प्रवर्धन गर्ने लगायतका उद्धेश्यले महोत्सव गरिएको आयोजक संस्था सेलिब्रेटी नेपालले जनाएको छ ।

## कलाकार हरिप्रसादको अभिनन्दन गरिने

**काठमाडौं (प्रस)–** कला सिर्जना र सम्पदा संरक्षणमा अनवरत योगदान गर्दै आएका वरिष्ठ कलाकार हरिप्रसाद वैद्यलाई नेवाः ग्वहालि पुचः नेपाः, वडा नं १३ र १५ ले आउँदो वैशाख १० गते शनिबार अभिनन्दन गर्ने भएको छ ।

पुरातात्विक सम्पदाका वास्तुकला ज्ञाता, डिजाइनर, चित्रकार, सङ्गीतज्ञ तथा भ्वायलिन गुरु ८५ वर्षीय वैद्यका जीवनभरका उपलब्धिहरूलाई पनि आयोजक संस्थाले नेपाल कला परिषद्, बबरमहलमा तीन दिनसम्म प्रदर्शनीमा राख्ने भएको छ ।

विसं १९९३ मा काठमाडौंको टेंगल टोलमा जन्मेका वैद्यले प्रख्यात चित्रकार चन्द्रमान मास्केबाट चित्रकला र पियानो बादक कृष्णलाल तण्डुकारबाट सङ्गीतका आधारभूत ज्ञान हासिल गरेका थिए । तत्पश्चात् उनले नेपालको परम्परागत सङ्गीत, वास्तुकला र आधुनिक चित्रकलाको ज्ञान आफ्नै प्रयत्नबाट सिके र पूरै जीवन यिनै क्षेत्रमा समर्पण गर्दै आए ।

काठमाडौं महानगरपालिकाको लोगो, नेपाली सेना र नेपाल प्रहरीको चिन्ह तथा लोगो, तत्कालीन राष्ट्रिय पञ्चायत सदस्यहरूका लागि लोगो, नेपाल भाषा मंकाः खलः तथा नेपाल भाषा एकेडेमीका लोगो तयार पारेका उनले अद्यापि नयाँ पुस्ताका कलाकारहरूलाई भ्वायलिन सिकाउँदै आइरहेको आयोजक संस्थाका संयोजक विष्णु चित्रकारले सोमबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । अष्ट्रेलियामा नेपालको सङ्गीत प्रवर्द्धन गर्ने कार्यमा उनको योगदान सराहनीय छ ।

# वनिताश्री गोपालप्रसाद रिमाल काव्य सम्मान अधिकारीलाई




■ प्रभाव संवाददाता

**काठमाडौं–** वरिष्ठ कवि एवं गीतकार दिनेश अधिकारीलाई विसं २०७८ को वनिताश्री गोपालप्रसाद रिमाल काव्य सम्मान पुरस्कार प्रदान गरिने भएको छ । 'वनिता' साहित्यिक पत्रिकाले रु १० हजार १५ राशिसहितको पुरस्कार उहाँलाई प्रदान गर्ने निर्णय गरेको हो ।

चौबीस वर्षदेखि निरन्तररूपमा प्रकाशित हुँदै आएको पत्रिकाले २०७८ र २०७९ दुवै वर्षका साहित्य, सङ्गीत, रङ्गमञ्च, सञ्चार र शिक्षाका क्षेत्रमा दिइने विभिन्न पुरस्कार घोषणा गरेको छ । साहित्यकार डा दयाराम श्रेष्ठ (सम्भव)लाई विसं २०७८ को रु २५ हजार राशिसहितको वनिताश्री कथा रत्न अभिनन्दन प्रदान गरिने छ ।

पत्रिकाले बाल साहित्यकारद्वय प्रभा भट्टराई र रामदेव पाण्डेलाई रु १० हजार राशिको देवकुमारी थापा बाल साहित्य वनिता पुरस्कार तथा समालोचकद्वय डा शैलेन्दुप्रकाश नेपाल र डा दुर्गाप्रसाद दाहाललाई वनिताश्री डा नरेन्द्र चापागाईं समालोचक शिरोवर्ती सम्मान प्रदान गर्ने निर्णय गरेको छ ।

कथाकारद्वय मातृका पोखरेल र इल्या भट्टराईलाई वनिताश्री देवकुमारी थापा कथा विशिष्ट सम्मान पुरस्कार तथा कविद्वय कृसु क्षेत्री र मनोज न्यौपानेलाई व्यथित काव्य वनिताश्री पुरस्कार प्रदान गर्ने निर्णय भएको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

सहित्यकार गायत्री श्रेष्ठलाई वनिता शिक्षा र साहित्य पुरस्कार, कलाकार मोहन अभिलाषीलाई वनिता बहुआयामिक प्रतिभा पुरस्कार, गायिका सङ्गीता थापा र नेपाल आइडल सिजन-४ का विजेता भूपेन्द्र थापा मगरलाइ शाक्यलाई वनिताश्री उन्नति गीत-सङ्गीत पुरस्कार प्रदान गरिनेछ ।

सञ्चारकर्मी भगवती बस्नेत र रङ्गकर्मी पुरू लम्साललाई वनिता विशेष वसुश्री-मधु पुरस्कार तथा गायक जुजुकाजी रञ्जित र साहित्यकार धनकुटे कान्छाले वनिताश्री पुरुषोत्तमराज पाण्डेय पुरस्कार प्राप्त गर्नेछन् । वनिता जलेश्वरी बाल प्रतिभा पुरस्कार राइजिङ स्टार बोर्डिङ स्कुलका साना छात्रा र प्रिभा रेग्मीलाई तथा वनिता बाल कलाकार पुरस्कार कृशला श्रेष्ठलाई प्रदान गरिने जनाएको छ ।



# मैत्रीपूर्ण फुटबलमा सेनासँग पत्रकारको टिम पराजित



■ प्रभाव संवाददाता

**काठमाडौं–** सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयको स्थापना दिवस विभिन्न कार्यक्रम गरी मनाइएको छ । २०५८ सालमा चैत २० गते जनसम्पर्क तथा सूचना निर्देशनालयको स्थापना भएको थियो । २१ औं स्थापना दिवशका अवसरमा भएका विभिन्न कार्यक्रमको मंगलबार समापन गरिएको छ । जंगी अ•ास्थित सभामण्डलमा प्रधानसेनापति प्रभुराम शर्माले विभिन्न प्रतियोगिताका विजेतालाई पुरस्कार वितरण गरेका छन् ।

स्थापना दिवशको अवसरमा जनसम्पर्क तथा सूचना निर्देशनालय र रक्षा संवाददाताबीच मैत्रिपूर्ण फुटबल समेत भएको छ। सैनिक मैदानमा भएको खेलमा सेनाको टोलीले पत्रकारलाई ७-५ गोल अन्तरले पराजित गर्यो । खेलको सुरुवातमा पत्रकारको टिमले ४-१ को अग्रता लिएपनि दोश्रो हाफमा सेनाले थप ६ गोल गर्यो । सेनाका लागि सेनानी विदुरध्वज अधिकारी र सेनानी सौगात सिंह राठौरले समान दुई गोल गरे । महासेनानी सरोजकुमार अधिकारी, सहसेनानी सञ्जय शिलवाल र सिपाही धर्मराज छालाले एक गोल थपे ।

पत्रकारका लागि अभिनव जोशीले ४ गोल र कप्तान उजिर कार्कीले १ गोल गरे । जोशीले पहिलो हाफमै ह्याट्रिक पूरा गरे पनि हारबाट जोगाउन सकेनन् । स्थापना दिवशमा नेपाली सेना लघु चलचित्र, फोटो प्रतियोगिता, फोटो तथा विभिद प्रदर्शनी, सिपाही २०७८ र शिवपुरी जर्नल २०२२ का उत्कृष्ठ लेखलाई पुरस्कृत गरिएको छ ।

# तनहुँ फुटबल संघमा २५ वर्षपछि फेरियो नेतृत्व

■ प्रभाव संवाददाता

**तनहुँ–** तनहुँ जिल्ला फुटबल सङ्को अध्यक्षमा सत्यभक्त पालिखे निर्वाचित भएका छन् । पालिखे छ मत ल्याएर अध्यक्षमा निर्वाचित बनेका हुन् ।

उनका निकटतम् प्रतिद्वन्द्वी सोम थापा मगरले चार मत पाएका थिए । अध्यक्ष पदका लागि सर्वसम्मत हुन नसकेपछि मतदानको प्रक्रियाबाट छिनोफानो गरिएको हो । २५औं वर्षसम्म एउटै व्यक्तिले नेतृत्व गर्दै आएको उक्त संस्थामा बुधबारदेखि नयाँ नेतृत्वले नेतृत्व सम्हालेका हुन् ।

अन्य पदमा भने सर्वसम्मत भएको निर्वाचन समितिका संयोजक यज्ञबहादुर रानाले बताए । समितिको उपाध्यक्षमा हरि तिमिल्सिना, दिनेश केसी र भिजन श्रेष्ठ तथा महिला सदस्यमा सविता भट्टराई निर्विरोध निर्वाचित भएका छन् ।

समितिका सदस्यमा नलबहादुर दरै, विजय गुरुङ, चन्द्रबहादुर आले, सुरज थापा मगर, जयप्रकाश केसी, किशोर पन्त, प्रमोद वाग्ले, इन्द्र गुरुङ, ज्योति श्रेष्ठ, कुमार श्रेष्ठ चयन भएको निर्वाचन समितिका सदस्य चन्द्रकान्त वाग्लेले बताए ।

नवनिर्वाचित अध्यक्ष पालिखेलाई निवर्तमान अध्यक्ष रत्नकुमार श्रेष्ठले माइन्युट हस्तान्तरण गरेका थिए । नवनिर्वाचित समितिका पदाधिकारीलाई खादा र माला लगाई सफल कार्यकालको शुभकामना दिइएको थियो । निवर्तमान अध्यक्ष श्रेष्ठले आफ्नो कार्यकाल २५औं वर्षसम्म रहेको भन्दै केक काटेर एन्फाका पदाधिकारीलाई आगामी कार्यकालका लागि अगाडि बढ्न शुभकामना दिएका हुन् ।

यसअघि अखिल नेपाल फुटबल सङ्घ (एन्फा) तनहुँको अधिवेशन नेपाली कांग्रेसका महासमिति सदस्य एवं नेविसङ्घका पूर्वमहामन्त्री आनन्दराज त्रिपाठीले उद्घाटन गरेका थिए । उनले नेपालका कुना कन्दरामा पनि फुटबलका राम्रा खेलाडी रहे पनि राज्यले पहिचान गर्न नसकेको बताए ।

# नयाँ बस्तीलाई तीन लाख जरिवाना

■ प्रभाव संवाददाता

**काठमाडौं–** मध्यपुर युथ एसोसियनविरुद्धको खेलमा मैदानभित्र गरिएको अभद्र व्यवहार र अनुशासनहीन कार्यका कारण अखिल नेपाल फुटबल संघ (एन्फा)ले नयाँ बस्ती युथ क्लबलाई तीन लाख जरिवाना गरेको छ ।

एन्फाअन्तर्गतको लिग कमिटीको सोमबार बसेको बैठकले बी डिभिजन क्लब नयाँ बस्तीलाई जरिवानासहित खेलाडी र अफिसियललाई फुटबल गतिविधिमा प्रतिबन्ध गरेको हो ।

क्लब अफिसियल श्रीबहादुर योगीलाई दुई वर्ष एन्फाले आयोजना गर्ने फुटबल गतिविधिमा सहभागीता हुन नपाउने निर्णय गरेको छ । यस्तै, क्लब व्यवस्थापक विकास राईलाई ६ महिना र खेलाडी मनोज राईलाई एक वर्ष फुटबलमा प्रतिबन्ध लगाएको छ ।

२६ चैतमा सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा मध्यपुर युथसँग ३-१ अन्तरले पराजित भएसँगै क्लबका प्रतिनिधिले भौतिक सामग्री तोडफोड गरेका थिए । चर्च ब्वाईज युनाइटेड र खुमलटार युवा क्लब शीर्ष डिभिजनमा उक्लँदा नयाँ बस्तीले भने ११औं स्थानमा रहेर बी डिभिजन लिग टुङ्गाएको थियो ।


प्रदेश सरकार
लुम्बिनी प्रदेश
भौतिक पूर्वाधार बिकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
**सडक पूर्वाधार विकास कार्यालय**
रुपन्देही

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मितिः- २०७९/०१/७)

यस कार्यालयबाट मिति २०७८/११/१६ र २०७८/११/२६ गते प्रकाशित सूचना अनुसार bolpatra.gov.np/egp मार्फत पेश हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्यूनतम मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतको लागि छनौट भएको हुदाँ सार्वजानिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कार्यको विवरण | ठे.नं. | छनौट भएको बोलपत्रदाता | कबोल रकम (मु.अ.कर सहित) रु. |
|---|---|---|---|---|
| 1 | Gravelling work in Bardghat Ward 3 Karmaiya School dekhi Ward 6 Samma Jodne Sadak, Bardaghat Municipality, Nawalparasi | RIDORUP/NAW/144/ NCB/078-79/142 | Susta Construction Company Pvt. Ltd., Susta-01, Baruwa, Nawalparasi | 9,91,698.80 |
| 2 | Sudodhan ga.pa. 7 uttar madhubani dekhi dakchhin madhubani sadak starounnati (kachi sadak) | RIDORUP/RUP/144/ NCB/078/79/148 | Hi-Tech Construction, Gaidahawa-03 Rupandehi, Lumbini Province Nepal | 11,12,437.14 |
| 3 | Sumeru Path,Tilotama Na.Pa. 8 Sadak Starounnati (kachhi sadak) | RIDORUP/RUP/144/ NCB/078/79/147 | M.R Builders, Butwal-7 Rupandehi, Lumbini Province Nepal | 21,03,706.01 |

# पाकिस्तानमा ३४ सदस्यीय नयाँ मन्त्रीमण्डल



**इस्लामावाद–** पाकिस्तानमा ३४ सदस्यीय नयाँ मन्त्रीमण्डल गठन भएको छ । मन्त्रीमण्डलका ती सदस्यलाई मंगलबार शपथ गराइएको छ । पाकिस्तानका कार्यवाहक राष्ट्रपति सादिक सान्ज्रानीले शपथ गराएका हुन् ।

पाकिस्तानको प्रधानमन्त्रीमा शेहबाज शरिफ निर्वाचित भएपछि गठित नयाँ मन्त्रिपरिषद्को सदस्यका रूपमा उनीहरूलाई नियुक्त गरिएको जनाइएको छ । उनीहरूमध्ये तीन जना राज्यमन्त्री र ३१ जना मन्त्री हुन् । राष्ट्रपति अरिफ अल्भीले सपथ गराउन अस्वीकार गरेपछि केही दिन पछाडि सारेर शपथ गराइएको हो । प्रधानमन्त्री शरिफ यही अप्रिल ११ मा निर्वाचित भएका थिए । पाकिस्तानमा तत्कालीन प्रधानमन्त्री इमरान खानले संसद्बाट विश्वासको मत प्राप्त गर्न नसकेपछि उनले राजीनामा दिएका थिए । त्यसपछि विपक्षी गठबन्धनका तर्फबाट प्रधानमन्त्रीको उम्मेदवार बनेका शरिफ संसद्बाट प्रधानमन्त्रीमा निर्वाचित भएका थिए । उनलाई गठबन्धनका अन्य दलको पनि समर्थन रहेको थियो । *रासस/एएनआई*

# चीनमा फेरि बढ्न थाल्यो कोरोना संक्रमण

**बेइजिङ–** चीनमा केही दिनयता कोरोना भाइरसका संक्रमितको संख्या बढ्न थालेको पाइएको छ । पछिल्लो केही दिनयता संक्रमित व्यक्तिको संख्या बढ्न थालेको यहाँका स्वास्थ्य क्षेत्रका अधिकारीले बताएका छन् ।

चीनका विभिन्न सहरमा कोरोना भाइरसका संक्रमितको संख्या सोमबार मात्र तीन हजारभन्दा बढी पुगेको यहाँका स्वास्थ्य अधिकारीले जनाएका छन् । सोमबारको तथ्यांकअनुसार यहाँ तीन हजार २९७ जना कोरोना संक्रमित देखिएका हुन् । तीमध्ये सबैभन्दा धेरै सांघाइ सहरमा पाइएको बताइएको छ ।

चीनको नेसनल हेल्थ कमिसनले सोमबार भेटिएका मध्येका तीन हजार ८४ सांघाइकै रहेका बताएको छ । यहाँ पछिल्लो समयमा सांघाइमा कोरोनाको संक्रमण बढेको छ । त्यहाँ थप संख्यामा कोरोना भाइरसका संक्रमित भेटिन थालेको चीनको नेसनल हेल्थ कमिसनले दिएको जानकारीमा जनाइएको छ । कमिसनका अनुसार चीनभित्रै संक्रमित भएका व्यक्ति भेटिएका हुन् । यहाँ जिलिन, सांदोन, सान्सी प्रान्तका केही स्थानमा संक्रमित पाइएका हुन् । यी सहरमध्ये सबैभन्दा बढी अहिले सांघाइमा भेटिएका छन् ।

चीनमा पछिल्लो समयमा संक्रमित भेटिन थालेपछि यहाँको सरकारले कोरोनाबाट निको भएका नागरिकमा पनि पुनः स्वास्थ्य जाँच गर्न सुरु गरेको छ । *रासस/सिन्ह्वा*

# युक्रेनलाई मानवीय सहायता उपलब्ध गराउन संयुक्त राष्ट्रसंघको आग्रह

**संयुक्त राष्ट्रसंघ–** संयुक्त राष्ट्रसंघले युक्रेनमा मानवीय सहायता उपलब्ध गराउन आग्रह गरेको छ । संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेर्रेसले युक्रेनलाई मानवीय सहायता उपलब्ध गराउनका लागि आग्रह गरेका हुन् ।

युक्रेनमा रुसले आक्रमण गरेपछि भएको क्षतिको आकलन भइरहेको र यहाँ मानिसहरूको उद्धार भइरहेको युक्रेनले जनाएको छ । यहाँ अप्ठ्यारोमा परेका नागरिकलाई उद्धार गर्न र आवश्यताअनुसारको मानवीय सहायता उपलब्ध गराउन उनले आग्रह गरेका हुन् ।

उनले विश्व समुदायलाई आवश्यक सहायता उपलब्ध गराउन र यहाँका नागरिकलाई आवश्यक परेको सहायता वितरणको काममा कुनै अवरोध नगर्न पनि आग्रह गरेका हुन् । *रासस/सिन्ह्वा*


## विमालेख हरायो

मिति २०७८/११/३० गते गोंगबुबाट स्वयम्भूसम्म जाँदा मेरो निम्न व्यहोरा भएको LIC. NEPAL LTD को बिमा लेख हराएको हुँदा पाउनु हुने महानुभावले नजिकको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनहुन विनम्र अनुरोध गर्दछु ।

नाम : शोभा विष्ट (पाण्डे)
विमालेख नं : १०००७४९८६
सम्पर्क नं : ९८४१३८९५०७

## सर्टिफिकेट हराएको सूचना

मिति २०७८/११/२२ गते गोठाटारदेखि जडिबुटीसम्म जाँदा मेरो निम्न व्यहोरा भएको T.U. बाट मान्यता प्राप्त सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले नजिकैको प्रहरी चौकी वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध गर्दछु ।

नाम : बालकृष्ण कोइराला
रजिस्टेसन.नं. : ३०७६७-९२
क्याम्पसः दमक मल्टिपल क्याम्पस
सम्पर्क : ९८१३८४२८०५

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INAYA PALACE TRADING EST

पूर्व स्वीकृति मिति २०७९/०१/०६ | LT. No. 261597 | चलानी नं ६०१७८०६३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factor | 1 | 0 | 1000 | ३२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख १४ गते (27th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**OZONE OVERSEAS SERVICE PVT. LTD.**
Airport, Kathmandu, Nepal, Tel No. 01-4112794, 4112795
E-mail : contact@ozoneoverseas.com, www.ozoneoverseas.com
श्रम ईजाजत नं. ४४८/०६०/०६१

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASL ALKUNFA Foundation for Meals

पुर्व स्वीकृति मिति २०७९/०१/०६ | LT. No. 261494 | चलानी नं. ६०१७८०७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 1 | 0 | 1000 | ३२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १४ गते (27th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4233652
E-mail : nationalexportsmc@gmail.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHEERA LATEEN CONFECTIONERIES AND TRADITIONAL SWEETS COMPANY L.L.C.

पुर्व स्वीकृति मिति २०७९/०१/०६ | LT No :261841 | चलानी नं. ६०१७८११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Executive | 0 | 6 | 1500 | ४९,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालयमा बैशाख १४ गते (27th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Alfarooque Overseas Pvt .Ltd.**
श्रम ईजाजत नः १२६०/०७४/७५
Basundhara, (Infront of police station), Kathamandu, Nepal
Phone No: 01- 4361373 Mobile : 9843653970, 9846071775
E-mail.: Farukkhan650@gmail.com, www.alfarooqueoverseas.com

## मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी : CHING SHUENN AGRICULTURAL SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०१/०६ | LT. No. 261701 | चलानी नं. ६०१७८०७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MYR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Farm Worker | 10 | 0 | 1200 | ३४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : CHONG SWEE FATT AGRO FARMING SDN BHD

पूर्व स्वीकृति मिति २०७९/०१/०६ | LT. No. 261700 | चलानी नं. ६०१७८०७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब MYR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plantation Worker | 7 | 0 | 1200 | ३४,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १४ गते (27th Apr. 2022)मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Paliv International Pvt. Ltd.**
श्रम ईजाजत नं. ११६४/०७३/०७४
G.P.O Box 19936, Kathmandu Metropolitan City-4, Chapalkarkhana, Kathmandu, Nepal
Tel : +977-1-4418268, 4418716 Mob No. 9801070598 Fax : +977-1-4420616
E-mail : info@palivinternational.com, palivinternational74@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : TALAL INTERNATIONAL TRADING FACTORY CO.

पुर्व स्वीकृति मिति २०७९/०१/०५ | LT No :261634 | चलानी नं.६०१७८०७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Normal Worker | 5 | 0 | 1000 | ३२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाडौं, मितिः बैशाख १४ गते (27th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०
**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : GRILLED TASTE FAST FOOD RESTAURANT.

पूर्व स्वीकृति मिति २०७९/०१/०५ | LT. No.261567 | चलानी नं. ६०१७८०६२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 1 | 0 | 1800 | ३२,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Normal Work | 1 | 0 | 1000 | ३२,७९५ | | | | | | | |

अन्तरवार्ता संस्थाको कार्यालय काठमाडौंमा बैशाख १४ (27th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** १०,०००/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Humour Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ७७७/०६५/०६६
Gwarko-7, Lalitpur, Tel No. +977-01-5528563, 5531210, 5525424
Email : humouroverseas777@gmail.com, infohumour@gmail.com, www.humouroverseas.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MARSHAL SCALE ENGINEERING W.L.L

पूर्व स्वीकृति मिति २०७८/०१/१२ | पून : विज्ञापन स्वीकृति मिति २०७९/०१/०६ | LT. No. 239631 | चलानी नं. ६०१५८१०४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Painter | 1 | 0 | 1300 | ४३,९०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Plumber | 1 | 0 | 1300 | ४३,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः बैशाख १४ गते (27th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था**: निःशुल्क कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Al Sama International Overseas Pvt. Ltd.**
श्रम ईजाजत नं. ८६६/०६६/०६७
LALITPUR -07 GARWKO LALITPUR , Nepal.Phone : +977-1-5204072, Fax : +977-1-4490538
Email : allsamaoffice2010@gmail.com, devraj1974@gmail.com, Website : www.alsamainternational.com

## साउदीमा रोजगारको अवसर

कम्पनी : MOHAMED ABDEL RAHMAN AL SALEH AGRICULTURE

पूर्व स्वीकृति मिति २०७९/०१/०६ | LT. No. 261683 | चलानी नं.६०१७८०८४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | All vehicle driver | 1 | 0 | 1800 | ५९,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Forklift Driver | 1 | 0 | 1800 | ५९,०२५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः मेनपावर कार्यालय काठमाण्डौं, मितिः बैशाख १४ गते (27th Apr. 2022) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यतवस्था**: रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः निःशुल्क**

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी**: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

**Aakriti Recruiting Pvt. Ltd.**
श्रम ईजाजत नं. ९७७/०६७/०६८
Sinamangal Road (Near Hope Hospital), Kathmandu, Nepal, Tel.: +977-1-4110811, 4110826,
Email: aakritirecruiting@gmail.com, Web: www.arplteam.com, www.aakritirecruiting.com.np

## वर्गीकृत विज्ञापन संकलन काउण्टर

**पशुपति विज्ञापन सेवा -** सोह्रखुटटे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । **स्मार्ट सर्भिस नेपाल प्रालि**-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोनं. ०१२२९६६५८/९८४२६३५८१५ । **लोटस कम्युनिकेशन-** गोंगबुचोक, फोनं. ४३६४७१ । **ध्रुवको पसल** -डिल्लीबजार, फोन नं.: ४४३९२०१ । **ReachmondBooksShop (रोहित दाहाल)** -फोन नं. ४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । **YonjanEnterprise-DhalkuBhishalNagar,4438217** । **दन्तकाली स्टेसनरी -** नयाँ बसपार्क फोन नं. ९८१३९६०७४६ । **सारीका स्टेसनरी पसल -** फोन नं. ९८५११२९६८६ । **ज्ञानज्योती पुस्तक पसल -** बागबजार, फोन नं. ४२४००६० । **विश्व स्वतन्त्र संचार -** सुन्धारा, फोन नं. ४२१९४१२ । **निशा बुक्स एन्ड स्टेसनरी -** लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । **वीडलिंक मिडिया प्रालि -** पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । **हिमचुली स्टेसनरी -** बालाजु नेपालटार, फोन नं. ४३८७२४२, ९८४१४४००८३ । **मलः स्टेसनरी -** गटठाघर ठिमी, फोन नं. **६६३०७५७ । B-Tech Nepal-** पुतलीसडक चोक, फोन नं. **9851079417, 2297501| HallMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi)** जमलको पुलमुनी -विश्वज्योति हल साईडमा), **बी.एन्ड बी. कम्यूनिकेशन एन्ड साइबर -** कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः ०१-४२७१३२२ । **दाजुभाई स्टेसनरी -** पिंगलास्थान, गौशाला,, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, **ए.आर स्टेसनरी** च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, **हलफ्याक्स मिडिया एन्ड कम्यूनिकेशन** जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, **लोटस एड मिडिया एन्ड मार्केटिङ** गंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७ ।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १०२००० | प्रति तोला – १०१५०० | प्रति तोला – १४१५ |

# हस्तकलाका वस्तु निर्यात गर्न चेम्बर र महासंघबीच सहकार्य

■ प्रभाव संवाददाता

**काठमाडौं–** हस्तकलाका वस्तुहरूको निर्यात प्रर्वद्धन गर्नमा सहयोग पुऱ्याउने उदेश्यले नेपाल चेम्बर अफ कमर्स र नेपाल हस्तकला महासंघबीच सहकार्य भएको छ। व्यापार घाटा न्यूनीकरण र नेपालको अर्न्तराष्ट्रिय पहिचानका लागि हस्तकलाका सामाग्रीले महत्वपुर्ण भूमिका निर्वाह गरेको भन्दै चेम्बर र महासंघले निर्यात प्रर्वद्धनमा सहकार्य गरेको जनाइएको छ।

चेम्बरका अध्यक्ष राजेन्द्र मल्लले हस्तकलाको निर्यात सहजिकरण, कच्चा पदार्थमा सहकार्य, भन्सारमा देखिएका जटिलता हटाउन महासंघसंग हातेमालो गरेर अघि बढ्ने बताए।




अध्यक्ष मल्लले नेपालका हस्तकलाका वस्तुहरूको अर्न्तराष्ट्रिय प्रर्दशनी एवं मेलामा सहभागिताका लागि आफुले सक्दो पहल गर्ने बताए। उनले भने, 'चरम व्यापार घाटा न्यूनीकरणका लागि बर्तमानको एउटै विकल्प भनेको हस्तकलाका सामानहरूको अर्न्तराष्ट्रियकरण गरेर निर्यात प्रर्वद्धन गर्नु नै हो।'

हस्तकलाका उद्योगले व्यापक मात्रामा रोजगारी सिर्जना गुर्नुका साथै सीप, कला कैशलका माध्यमबाट संस्कृतिको संरक्षण र सर्म्वद्धनमा ठूलो सहयोग गर्दैआएको मल्लले बताए। अमेरिका, अधिकांश युरोपेली मुलुक, जापान, चीन, भारत, कोरिया लगायत एसियाली मुलुकमा समेत नेपाली हस्तकलाका सामानहरू निर्यात भईरहेको भन्दै अध्यक्ष मल्लले राज्यबाट सहुलियत प्राप्त हुने हो भने आर्थिक रूपमा धेरै लाभ लिन सकिने बताए। हस्तकलाका सामान निर्यातका क्रममा भन्सार सहजीकरण, व्यवसायीलाई राहत उपलब्ध गराउन तथा अन्य नीतिगत सुधारका लागि आफुले पहल गर्ने अध्यक्ष मल्लको भनाई छ।

महासंघका अध्यक्ष प्रचण्ड शाक्यले आफुहरूले उत्पादन गरेका हस्तकलाका वस्तुहरूको निर्यातका लागि भन्सार लगायतका ठाउँमा विभिन्न नीतिगत समस्या रहेको सुनाए। निर्यात गर्ने व्यवसायीलाई सरकारले राहतको व्यवस्था गरेपनि बास्तविक व्यवसायीले पाउन नसकेको शाक्यले गुनासो गरे। निर्यात सहजीकरण गरिदिन शाक्यले चेम्बरसंग आग्रह गरे। अध्यक्ष राजेन्द्र मल्लले हस्तकलाका वस्तुहरूको निर्यात प्रर्वद्धनका लागि आफुले सक्दो पहल गर्ने बताए। आगामी बजेट अघि नै नीतिगत सुधारका लागि सरकारसंग पहल गर्ने चेम्बर र महासंघबीच समझदारी समेत भएको छ।

# नेप्से परिसूचक बढ्यो

## १३ अंकले नेप्से बढ्दा एक अर्ब ३२ करोडको कारोबार

■ प्रभाव संवाददाता

**काठमाडौं–** धेरैपछि धितोपत्र बजारमा सेयर कारोबार मापक नेप्से परिसूचक उकालो लागेको छ। सधैं राताम्ये हुने सेयर बजारले हरियो रङ देखाउँदा पनि लगानीकर्ता खुसी हुने वातावरण बनेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार मंगलबार नेप्से परिसूचक दोहोरो अंकले उकालो लागेको हो। कूल १३.३७ अंकले उकालो लागेर नेप्से दुई हजार ३५७.२४ मा पुगेको छ।

यस्तै ठूला कम्पनीको सेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक ३.६१ अंकले उकालो लागेर ४४७.७६ मा पुगेको छ। नेप्से उकालो लागे पनि कारोबार रकम भने बढ्न सकेन। कूल २२९ कम्पनीको ३२ लाख १३ हजार १९५ कित्ता सेयर रु एक अर्ब ३२ करोड ६८ लाख ६५ हजार ९३२ मूल्यमा खरिद बिक्री भए।

नेप्सेका अनुसार मङ्गलबार कारोबार भएका १३ वटै उपसमूहको सेयर मूल्यमा वृद्धि भएको छ। बैंकिङ ६.०३, व्यापार ०.८७, होटल तथा पर्यटन ३१.१४, विकास बैंक ३२.८९, जलविद्युत् ११.२४, वित्त ७.८६, निर्जीवन बीमा ६२.४४, उत्पादन २४.६२, अन्य १९.४५, लघुवित्त ३३.१९, जीवन बीमा ९७.६६, सामूहिक लगानी कोष ०.०८ र लगानी ०.४ अंकले उकालो लागेको छ। मङ्गलबारको कारोबारपछि बजार पूँजीकरण रु ३३ खर्ब ४३ अर्ब ८३ करोड ५३ लाख ६४ हजार ९९२ बराबर पुगेको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा नबिल बैंक शीर्ष स्थानमा छ। सो बैंकको रु छ करोड ३० लाख ६७ हजार ३८५ बराबरको कारोबार भयो। यस्तै, हिमालयन डिस्टिलरी रु चार करोड ३५ लाख ९० हजार ५७२, महालक्ष्मी विकास बैंक रु तीन करोड ८३ लाख २१ हजार, अरुण भ्याली हाइड्रोपावर रु तीन करोड ५५ लाख ७३ हजार ३६९ र अपि पावर कम्पनी रु तीन करोड ३८ लाख ४४ हजार ४८१ मूल्यमा खरिद बिक्री भई शीर्ष स्थानमा रहे।




हरियाली छाएको बजारमा नेष्डो समृद्ध लघुवित्त र ग्रीन भेञ्चर लिमिटेडको सेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो। मेगा म्युचुअल फण्ड एक ५.४२, शिवश्री हाइड्रोपावर ४.२९ र हिमालयन ऊर्जा विकास कम्पनीका लगानीकर्ताले ३.८९ प्रतिशतले कमाए।

त्यस्तै दिव्यश्वरी हाइड्रोपावर ८.८२, कालिका लघुवित्त वित्तीय संस्था ३.६४, प्रुडेन्सियल इन्स्योरेन्स २.९९, एनआइसी एशिया ब्लालेन्स फण्ड २.४१ र स्वाभिमान लघुवित्तका लगानीकर्ताले २.३८ प्रतिशतले गुमाए।

# कर्पोरेट

## सिटिजन्स बैंक खुला टेनिस अर्को साता

Citizens Bank

**काठमाडौं (प्रस)–** काठमाडौं जिल्ला टेनिस सङ्घको आयोजनामा आठौं सिटिजन्स बैंक खुला टेनिस प्रतियोगिता हुने भएको छ।

यही वैशाख ११ गतेदेखि हुने उक्त प्रतियोगितामा करिब २५० खेलाडीको सहभागिता रहने आयोजकले जनाएको छ। प्रतियोगितामा विभिन्न १० विधामा प्रतिस्पर्धा हुनेछ। पुरुष/महिला एकल, मिक्स डबल्स, पुरुष भेट्रान ३५ वर्षमाथि, ४५ वर्षमाथि र ५५ वर्षमाथि एकल र डबल्स तथा ६५ वर्षमाथि एकल विधामा प्रतिस्पर्धा हुनेछ। सबै स्पर्धाका विजेतालाई पुरस्कार प्रदान गरिनेछ। कूल नगद पुरस्कार राशि रु पाँच लाख १७ हजार राखिएको छ। प्रतियोगिताको मुख्य प्रायोजकमा सिटिजन्स बैंक रहेको छ। साताव्यापी प्रतियोगिताका खेल त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद् तथा भद्रकालीस्थित आर्मी अफिसर्स क्लबको कोर्टमा खेलाइने आयोजकले जनाएको छ।

## सानिमाले ल्यायो डबल धमाका मुद्दती खाता




**काठमाडौं (प्रस)–** सनिमा बैंकले नयाँ वर्ष २०७९ को उपलक्ष्यमा आफ्ना ग्राहकहरूलाई सानिमा डबल धमाका मुद्दती खाता सार्वजनिक गरेको छ।

सानिमा डबल धमाका मुद्दती खाता व्यक्तिगत ग्राहकहरूलाई लक्षित गरी ल्याइएको यस मुद्दतीमा ग्राहकहरूले न्यूनतम रु.पाँच लाखको मुद्दती खोल्न सक्नेछन्। ग्राहकहरूले यो योजनामा उक्त रकम साढे ६ बर्षमा दोब्बर भएर शत प्रतिशत प्रतिफल प्राप्त गर्न सक्नेछन्। मुद्दती निक्षेप रकम परिपक्वता पश्चात् दोब्बर भई भुक्तानी गरिनेछ। प्रतिफलमा लाग्ने कर रकम ग्राहकहरू स्वयंले ब्यहोर्नु पर्नेछ।

व्यवहारिक कार्यका लागि रकम आवश्यक परेमा ९० प्रतिशतसम्मको ऋण लिन सक्नेछन्। ग्राहकले रु. २ लाख सम्मको निःशुल्क क्रेडिट कार्डको लागि आवेदन दिन सक्नेछन्। यस योजना अन्तर्गत एक भन्दा बढी मुद्दती खाताहरू समेत खोल्न सक्नेछन्। सानिमा बैंकको देशका सातै प्रदेशमा १२६ कार्यालय र ११५ वटा ए.टि.एम. संचालनमा रहेका छन्।

## एनआइबिएल एस क्यापिटल स्टार्टअप एण्ड आइडिया फेस्टमा




**काठमाडौं (प्रस)–** एनआईबीएल एस क्यापिटल लिमिटेडले विराटनगरमा सम्पन्न भएको स्टार्टअप एण्ड आइडिया फेस्ट २०२२ मा सहभागिता जनाएको छ। संस्थागत परामर्शदाताको रूपमा सेवा प्रदान गर्दै आएको यस कम्पनीले उक्त कार्यक्रममा पनि सहभागीहरूलाई आफ्नो संस्थागत परामर्श सेवाको जानकारी गराउँदै सो सेवामार्फत् नविनतम् योजना र सोचहरूलाई व्यवसायिक पूर्णता दिने उद्देश्य राखेको बताएको छ।

लिभिङ विथ आइसीटीले सातै प्रदेशमा इ(बिमाको मुख्य प्रायोजनमा स्टार्टअप एण्ड आइडिया फेस्ट २०२२ आयोजना आरम्भ गरेको थियो। डिजिटल क्षेत्रमा क्रियाशिल स्थानीय नवप्रवर्द्धकहरूलाई प्रवर्द्धन गर्ने र आवश्यक लगानीसमेत जुटाउने उद्देश्यले यो कार्यक्रम आयोजना गरिएको हो।

एनआईबीएलले संस्थागत परामर्श सेवामार्फत् व्यवसायिक योजना बनाउन, व्यवसायको सम्भाव्यता अध्ययन गर्ने, पूँजी संकलन गर्ने, ऋण संकलनमा वित्तिय संस्था र व्यवसायी बीच मध्यस्थता गर्ने र अन्य व्यवसायिक जटिलताहरूमा उचित परामर्श प्रदान गर्दै आएको छ।

# आयकरको सीमा बढाउन सुझाव

**काठमाडौं (प्रस)–** राजस्व परामर्श समितिलाई विद्यमान आयकरको सीमा बढाउन सुझाव दिइएको छ। कर विज्ञ डा. रूप खड्काले मूल्य अभिवृद्धि कर (भ्याट)को विश्व परिवेश र नेपालमा कार्यान्वयनको विषयमा परिमार्जन गरेर समयसापेक्ष अनुसार सरकारले दायरामा बृद्धि गर्नु पर्ने बताएका हुन।

उनले व्यक्तिगत आयकरको सीमा परिवर्तन गर्ने, धनीहरूलाई धेरै कर र गरिबलाई थोरै कर लगाउन समितिलाई सुझाव दिएका छन्।

समितिका अध्यक्ष महेश दाहालले करको दर आगामी वर्षमा पनि बढाउने सम्भावना नरहेको बताएका छन्।

उनले भने,'नेपालमा समग्र करको दर नबढेको चार वर्ष पुगिसकेको छ, यो पटक पनि करको दर बढाउने कुनै सम्भावना देखिँदैन, हामीले हेर्ने भनेको दायरा विस्तार मात्र नै हो।'

# ई-भिसाको व्यवस्था मिलाउन पर्यटन व्यवसायीको माग

**काठमाडौं (प्रस)–** पर्यटन व्यवसायसँग सम्बन्धित संगठनहरूले नेपालमा ई-भिसा जारी गर्ने व्यवस्था मिलाउन सरकारसँग माग गरेका छन्।

गृह मन्त्रालय मातहतको अध्यागमन विभागले ३ वैशाखमा एक सूचना निकाल्दै नेपाल भ्रमणमा आउने पर्यटकलाई अनअराइभल भिसा शुल्क लिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा रहेको एटीएमबाट डलर बराबरको नेपाली रूपैयाँ निकाल्न समस्या भएकोले नगद नै लिएर आउन सूचना जारी गरेपछि सो व्यवस्था मिलाउन माग गरिएको हो। यसबाट पर्यटन सेवा प्रवाहको कमजोरी छर्लङ्ग पारेको भन्दै व्यवसायीले यसको विकल्पमा ई-भिसा जारी गर्न माग गरेका हुन।

सामान्य कमजोरी सुधार गर्नुको सट्टा नेपाल भ्रमणमा आउने पर्यटकलाई नगद नै ल्याउनु पर्ने भन्ने झन्झटीलो व्यवस्थाले पर्यटकहरूलाई नेपाल प्रति थप नकारात्मक बनाउने र हाम्रो संरचना प्रति विश्वासनियता समेत घटाउने उनीहरूको भनाइ छ।

नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा), होटेल संघ नेपाल (हान), ट्रेकिङ एजेन्सीज एसोसिएसन अफ नेपाल (टान), नेपाल पर्वतारोहण संघ (एनएमए), नेपाल एसोसिएसन अफ र्‍याफ्टिङ एजेन्सिज (नारा)ले सोमबार संयुक्त विज्ञप्ति निकाल्दै यस्तो आह्वान गरेका हुन्।

त्रिभुवन विमानस्थलमा एटीएम मेसिनसहितका संरचना थप गरी पर्यटक आगमनलाई सहज बनाउने गरी काम गर्न समेत सरकारको ध्यानाकर्षण गराएका हुन्।

नेपाल आउने पर्यटकहरूलाई प्रभावित गर्ने यस्ता सूचनाहरू बारम्बार छोटो समयमा जारी भइरहँदा पर्यटकहरूलाई थप जटिलता थप्ने तर्फ सचेत रहन समेत व्यवसायीले अनुरोध गरेका छन्। यस्ता निर्णय लिँदा पर्यटन व्यवसायीको राष्ट्रिय संस्था तथा सरोकारवालासँग परामर्श नगरी गर्ने प्रचलनबाट पर्यटन व्यवसाय थप प्रभावित हुने हुँदा आगामी दिनहरूमा यस्ता निर्णय गर्नु अघि सरोकारवालासँग आवश्यक परामर्श लिन समेत आग्रह गरिएको छ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक National Daily

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रक : एक्सप्रेस कलर प्रेस, कार्यालय : काठमाडौं-७, सिफल, नेपाल, फोन नं. ०१-४३७३५७७, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, अध्यक्षः दुर्गा बहादुर लिम्बू, प्रबन्ध निर्देशकः कृष्णबहादुर कार्की, सम्पादकः विष्णु तामाङ